# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## जहदा गाउँपालिका
## मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १

पत्र संख्याः २०७८।७९
च.नं. ४३४

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जहदा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
मोरङ ।

**कैफियतसहितको राय**

हामीले जहदा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. जहदा गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४ करोड ९१ लाख २५ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. ११ लाख ४२ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ९१ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८७ लाख २१ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ३४ लाख ९१ हजार, सोधभर्ना लिनुपर्ने रु. ६५ हजार र पेश्की रू.६५ लाख ४९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २० करोड ४५ लाख ३६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २५ करोड १६ लाख २६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**

३. जहदा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

जहदा गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८० | ७२ | ४९१२५ | ० | २ | ११४२ | ८० | ७० | ४७९८३ | ९१५७ | १३४९१ | १८७२१ | ० | ६५ | ४१४३४ | ६५४९ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ्ग | २०४५३६ | ० | ८९३ | २०३६४३ | ० | ४७९८३ | २५१६२६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जहदा गाउँपालिका, मोरङ , जहदा गाउँपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुवर्ण घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रतीत भण्डारी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४९,१२५,२१३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८,६२,५९,८६६.४९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,५८,१७,८१० | **चालु खर्च** | २५,५८,८६,४२०.०९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९५,१५,००० | **पूँजीगत खर्च** | १५,३६,८३,३०८.७६ |
| **राजश्व बाँडफाँट** | ८,९९,७४,९७९.०१ | **वित्तीय/अन्य व्यवस्था** | ६,३९,६४,८५६.०२ |
| **आन्तरिक आय** | ८४,१९,०७६.२७ | | |
| **अन्य आय** | ३,१५,८२,१७८.४३ | | |
| **कुल आय** | ४७,५३,०९,०४३.७१ | **कुल खर्च** | ४७,३५,३४,५८४.८७ |
| **बाँकी मौज्दात** | | ८,८०,३४,३२५.३३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । जहदा गाउँपालिका नेपालको प्रदेश नं १ को मोरङ जिल्लामा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा धनपाल गाउँपालिका, पश्चिममा बिराटनगर महानगरपालिका ,उत्तरमा कटहरी गाउँपालिका र दक्षिणमा भारत सँग सिमाना जोडिएको छ । भातिगन्ज, मझारे, जह्दा, बुधनगर, महादेवकोल, पोखरिया मिलेर संयुक्त रुपमा जहदा गाउँपालिकाको निर्माण वि.सं २०७४ सालमा भएको हो ।यस गाउँपालिकाभित्र जम्मा ७ वटा वडाहरु रहेका छन। यस गाउँपालिकाको कार्यालय लक्ष्मीनिय चौकमा अवस्थित छ । ६२.३८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको यस गाउँपालिकाको जनसंख्या वि.सं २०७४ को तथ्यांकनुसार ४१,८१५ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण सीमा<br>लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक NAMS (Nepal Audit Management System) मार्फत छनौट गरिका जोखिमका आधारमा वित्तीय विवरण र सोसंग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहिलो पटक वेभ वेस प्रतिवेदन जारी गरिएको हुँदा प्रतिवेदनमा समेत सोको प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिने छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>आर्थिक विवरण<br>आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार गाउँपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th colspan="7">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>४८१६२५२६३.६२</td><td>४७५३०९०४३.७१</td><td>४७५३०९०४३.७१</td><td>४३०३९११५५.४१</td><td></td><td>४३०३९११५५.४१</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४२८९३६३७०</td><td>४४३७२६८६५.२८</td><td>४४३७२६८६५.२८</td><td>३७६७८६८६७.४१</td><td>०</td><td>३७६७८६८६७.४१</td></tr>
<tr><td>११००० कर</td><td>९४९४४३७०</td><td>९४११७७१९.३</td><td>९४११७७१९.३</td><td>७१४२४५८२.९८</td><td>०</td><td>७१४२४५८२.९८</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३३०९९२०००</td><td>३४५३३२८१०</td><td>३४५३३२८१०</td><td>३०२७९५०००</td><td>०</td><td>३०२७९५०००</td></tr>
<tr><td>संघीय सरकार</td><td>३११४७७०००</td><td>३२५८१७८१०</td><td>३२५८१७८१०</td><td>२६०२४६०००</td><td>०</td><td>२६०२४६०००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१९५१५०००</td><td>१९५१५०००</td><td>१९५१५०००</td><td>४२५४९०००</td><td>०</td><td>४२५४९०००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td>२९०००००</td><td>३६३३३९५.९८</td><td>३६३३३९५.९८</td><td>२५४९३६९.४३</td><td>०</td><td>२५४९३६९.४३</td></tr>
<tr><td>१५००० विविध प्राप्ति</td><td>१०००००</td><td>६४२९४०</td><td>६४२९४०</td><td>१७,९१५</td><td>०</td><td>१७,९१५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | ५२६८८८९३.६२ | ३१५८२१७८ | ३१५८२१७८ | ५३६०४२८८ | | ५३६०४२८८ |
| वितरण गर्न बाकी राजस्व | ० | | | ० | ० | ० |
| कोषहरु | ४२६८८८९३.६२ | २२७०६०३५ | २२७०६०३५ | ० | ० | ० |
| धरौटी | ० | ८८७६१४२.९६ | ८८७६१४२.९६ | ४६४९९१५ | ० | ४६४९९१५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | १०००००००० | | | ४८९५४३७३ | ० | ४८९५४३७३ |
| भुक्तानी (ग+घ) | ५७४७९७५०७.६२ | 440568425.6 | 440568425.6 | ४०७५२३८७६.५८ | | ४०७५२३८७६.५८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५२२१०८६१४ | ४०९५६९७२८.८५ | ४०९५६९७२८.८५ | ३५६४५५७६५.०८ | | ३५६४५५७६५.०८ |
| २१००० पारिश्रमिक / सुविधा | १३३५३९८१० | १२१२२१२४२.०२ | १२१२२१२४२.०२ | १३१७८०४९८.३ | ० | १३१७८०४९८.३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १६५५१५७७१ | १२४२२९४६०.०७ | १२४२२९४६०.०७ | ८४०१८१०८.९९ | ० | ८४०१८१०८.९९ |
| २६००० अनुदान | ४०००००० | ३९५९८०० | ३९५९८०० | २१७७१९१ | ० | २१७७१९१ |
| २७००० सामाजिक सुरक्षा | ६२००००० | ५६५७५३२ | ५६५७५३२ | २१८८९२६ | ० | २१८८९२६ |
| २८००० अन्य खर्च | १४३०००० | ८१८३८६ | ८१८३८६ | १०१३७७९३ | ० | १०१३७७९३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २११४२३०३३ | १५३६८३३०८.७६ | १५३६८३३०८.७६ | १२६१५३२४७.७९ | ० | १२६१५३२४७.७९ |
| घ. अन्य भूक्तानी | ५२६८८८९३.६२ | ३०९९८६९६.७६ | ३०९९८६९६.७६ | ४०७५२३८७६.५८ | | ४०७५२३८७६.५८ |
| कोषहरु | ४२६८८८९३.६२ | २४७८८२१७.७६ | २४७८८२१७.७६ | ० | ० | ० |
| धरौटी | ० | ६,२१०,४७९ | ६,२१०,४७९ | २११३७३८.५ | ० | २११३७३८.५ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | -९३१७२२४४ | ३४,७४०,६१८ | ३४,७४०,६१८ | २२८६७२७८.८३ | | २२८६७२७८.८३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम फिर्ता | | ३२९६६१५९ | ३२९६६१५९ | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८६२५९८६६.४९ | ८६२५९८६६.४९ | ५३५५५२१८.९३ | | ५३५५५२१८.९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | -९३१७२२४४ | ८८,०३४,३२५.३३ | ८८,०३४,३२५.३३ | ७६४२२४९७.७६ | | ७६४२२४९७.७६ |
| बैंक तथा नगद बाकी | | ८८,०३४,३२५.३३ | ८८,०३४,३२५.३३ | ७६४२२४९७.७६ | | ७६४२२४९७.७६ |

४

**अन्तर सरकारी अख्तियारी**

अन्तर सरकारी अख्तियारीः आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।

| ब.उ.शि.नं. | बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ६५००१०४३ | १०००००००० | ९९९९९९९.५४ | ९९९९९९९.५४ |
| ३३६००१०२३ | ५४६००० | ५४६००० | ५४६००० |
| ३१४००१०१२३ | ८०३५२००० | ८०३५२००० | ८०३५२००० |

५

**वित्तीय विवरण परीक्षण**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• वित्तीय विवरण म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा गत वर्ष सम्मको संचित कोष बाँकी रकम रु ७,४२,५९,५९९.०५ देखिएकोमा गत वर्षको मलेप प्रतिवेदनमा रु.७,३८,८६,३२१.२६ छ । यस सम्बन्धमा एकीन गर्नुपर्ने देखिन्छ ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ८,४३,१३,१६१.३९ ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br>• म.ले.प.फा.नं. २७२ को प्राप्ति भुक्तानी विवरणमा कट्टी रकम दाखिला गर्न बाँकी रकम रु२४९६६२ देखिएकोमा एकिन गरी दाखिला गर्न बाकी भए दाखिला गर्नुपर्ने देखिन्छ । | |
| ५.२ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको धरौटीमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८९५९६९४६ /- मौज्दात कायम भएकोमा स्रेस्ता अनुसारमा यो वर्षको शुरुमा रु ८६२५९८६६.४९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३३३७०७९।५१ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ३,३३७,०७९.५१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (७) मा प्रदेश तथा स्थानिय विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको खर्च शिर्षक बाहेक अन्य बजेट शिर्षक आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिई लेखा अद्यावधिक गरी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा निम्न खाताको बैंक नगदी किताबमा मौज्दात बाँकी रहेको देखिन्छ ।
<table>
<tr><th>खाता शिर्षक</th><th>रकम</th></tr>
<tr><td>चालु खर्च खाता</td><td>३३,५१,५०६.६२</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>२,५१,१८,६९८.२४</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td colspan="7">(रु.हजारमा)</td></tr>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>कुल पुँजीगत खर्च</td><td>१५,३६,८३</td><td>०</td><td>३,१५,८५</td><td>१२,२०,९८</td><td>६,०२,४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>ससर्त तर्फ फिर्ता गर्न बाँकी<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम आ.व.को अन्तिममा ससर्त तर्फ फिर्ता गर्न बाँकी रकम रु ९१३८० देखिएकोले सो रकम सम्बन्धित निकायमा फिर्ता दाखिला हुनुपर्ने रु</td><td>९१,३८०</td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | अबण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष विभिन्न कार्यक्रमतर्फ रु १,०२,५०,००० बजेट विनियोजन गरेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न बैठकको निर्णयबाट विभिन्न योजना एवं कार्यक्रममा रु ७३,७२,२२०.८५ खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७.२ | | | रकमान्तरः आर्थिक वर्ष ०७७।७८ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु. ६,१०,६८,८०३ रकम बराबरको ७१ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु.८,२१,०४,८०३ रकम बराबरको ९० योजना/कार्यक्रम कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई नगरसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ७.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ । उक्त समितिले समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७.४ | | | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत | |
|---|---|---|---|---|
| | | | कुल बजेटको तुलनामा | कुल खर्चको तुलनामा |
| आर्थिक विकास | ३,३४,८० | २,४०,६३ | ७१.८७ | ५.८८ |
| सामाजिक क्षेत्र | २२,५३,३० | १८,०५,१० | ८०.११ | ४४.०७ |
| पूर्वाधार विकास क्षेत्र | १३,११,४८ | ९,०१,१२ | ६८.७ | २२ |
| वित्तीय व्यवस्थापन र सुशासन | ४,८०,०६ | ४,०६,६१ | ८४.७ | ९.९३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८,४१,४५ | ७,४२,२४ | ८८.२१ | १८.१२ |
| जम्मा | ५२,२१,०९ | ४०,९५,७० | ७८.४४ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा ६८.७ प्रतिशत र वित्तिय व्यवस्थापन तथा सुशासनमा ८४.७ प्रतिशत रहेको छ । बजेटको तुलनामा सबै क्षेत्रमा लक्ष्य अनुसार न्यून खर्च भएको देखिएकोले पुँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्वेश्य हासिल गर्नुपर्दछ ।

**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ८४,१९,०७६.२७ राजस्व बाँडफाँड रु ८,९९,७४,९७९.०१, र अनुदानबाट रु. ३४५३३२८१० समेत रु ४४,३७,२६,८६५.२८ आम्दानी भएकोमा चालु तर्फ रु २५,५८,८६,४२०.०९ र पूँजिगत तर्फ रु १५,३६,८३,३०८.७६ समेत रु ४०,९५,६९,७२८.८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६१४१४०० खर्च भएको छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २४ रहेको र यस बर्ष विभिन्न विषयका ३७ समेत कुल ६१ विवाद दर्ता भएकोमा १२ फछ्र्यौट भई ४९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **विद्यूतीय प्रणाली सञ्चालन**<br>कार्यालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । ती सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, स्थलगत तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा त्यस्तो अभिलेख राख्ने गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं व्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएबाट तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| १० | | | **शिक्षा** | |
| १०.१ | | | **विद्यालयगत निकासा** - अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| १०.२ | | | **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १०.३ | | | **निजि विद्यालय व्यवस्थापनः** पालिका अन्तर्गतका सामाजिक विकास समिति र नगर शिक्षा समितिले शिक्षा व्यवस्थापन सम्बन्धी नीतिगत कामहरु गर्ने गरेको छ । यी समितिहरुले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड तयार नगरेकोले कुनै पनि किसिमको अनुगमन हुन नसकेको र निजि विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड तथा शुल्क निर्धारण भएको देखिएन । निजि विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड तथा शुल्क निर्धारण गरी नियमित अनुगमन र त्यसको कार्यान्वयन हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.४ | | | **बिद्यालयको नियमनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस स्थानिय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| १०.५ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन। त्यस्तै, विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन (बुँदा नं. १८ ठ) अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । | |
| ११ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ११.१ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा ३५ जना कर्मचारीहरु करारमा राखि रु.१,१७,९३,९९९.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ४ पदमा १४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.४९४५००० भुक्तानी गरेको अनियमित दिखिएको रु. | ४,९४५,००० |
| ११.२ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ उपदफा (ख२) र प्रदेश नं १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराई तलब भत्ता खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत कर्मचारीहरुको स्थायी कर्मचारीहरुको वर्षभरीमा तलव रु. १,७८,१९,८३९।८० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारि गरेको पाइएन ।तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत सहित ४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११.४ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बाषिर्क योजना २०७७।७८ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । गाउँपालिकाले रु. ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।<br><br>रु २ लाख सम्म: ४३; रु २ लाख देखि ५ लाख सम्म: ६७; रु ५ लाख देखि १० लाख सम्म: २७; रु १० लाख बढीका: ३६; जम्मा: १७३ | |
| १२ | | | **खरिद व्यवस्थापन** | |
| १२.१ | | | सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ । | |

| रु २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्म | रु ५ लाख देखि १० लाख सम्म | रु १० लाख बढीका | जम्मा |
|---|---|---|---|---|
| ४३ | ६७ | २७ | ३६ | १७३ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ । | |
| १२.३ | | | कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्ययसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १२.४ | | | सवारीसाधन खरिद –अर्थ मन्त्रालयवाट जारी स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ (१) मा नेपाल सरकारको स्रोतबाट सवारी साधन खरिद गर्न नपाइने र अत्यावश्यक भएमा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे खरिदमा रु.४१६९०००।,२ थान दुई पांग्रे खरिद रु ४८७१०० गरी जम्मा रु ४६५६१०० खर्च गरेको छ । निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको कम्प्युटर ल्यापटप प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धीत जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १४ | | | **जग्गा उपयोग मापदण्ड**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वियन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| १५ | | | **अवकाश कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याणकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषमा रु १६००००० मौज्दात देखिन्छ । पालिकावाट उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन, कानून, कार्यविधिको कार्यान्वयनमा ल्याएको देखिएन । | |
| १६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । जसबाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण बनाई लागू नगरेको, (निजामती सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण नगरेको ।<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको,<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • गाउँपालिकाले ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ ।<br>• उपभोक्ता समितिबाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिमको खरिद विधि नअपनाएको, (सार्वजनिक खरिद ऐनको दफा<br>• आयकरमा दर्ता नभएकोलाई आय ठेक्का दिएको ।<br>• कार्यालयले सञ्चालन गरेका पालिका तथा वडास्तरका आयोजनामध्ये सबै आयोजनाको प्रगती विवरण तयार गरेको पाइएन ।<br>• आ.व. २०७७।७८ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन ।<br>• कार्यक्रम सञ्चालनको लागि पेश्की लिदा त्यसको विवरण पेश गरे तापनि स्वीकृत कार्यक्रमको नर्म्समा आधारित नभएको हुँदा आवश्यक भन्दा बढी पेश्की दिने गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु. २५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्फेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने,<br>• सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद संझौतामा उल्लेखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।<br>• कार्यालयले निर्माण कार्यसँग सम्वन्धित कार्यको अभिलेख खाता ५०५ आइटमवाइज खाता, म.ले.प.फा.नं ५१२ नापी नियन्त्रण खाता, ५०६ ठेक्का सम्वन्धि अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी, प्याकेजिङ्ग सम्वन्धी व्यवस्था छ । खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना नभएकोले पूर्ण रुपमा पालना गर्नुपर्दछ ।<br>• योजनागत खर्च खाता राखेको नपाइएकोले अनिवार्य तयार गरी पेश हुनुपर्दछ<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• जिन्सी सामानको अभिलेख Public Asset Management System मा प्रविष्ट गरेको छैन ।<br>• सवारी साधन मर्मतको अभिलेख तथा पुरानो सामानको दाखिला राखेको छैन ।<br>• कार्यक्रम अभिलेख खाता नराखेको कारण खर्च रकमबाट प्राप्त उपलब्धी मापन गर्न सकिने आधार भएन ।<br>• गाउँपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा कुनै पनि संस्था दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन नमिल्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सम्झौता गरेका कुनै पनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता भएको पाइएन ।<br>• निर्माण कार्य गर्न आवश्यक पर्ने परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।<br>• पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको छैन ।<br>• उपभोक्ता समिति मार्फत सम्पन्न भएका आयोजना सार्वजनिक खरिद नियमावली अनुसार हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन ।<br>• पालिकाको दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरू मलेप फारमहरु प्रयोग गरी राजस्व समयमै दाखिला गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नगदी रसिद नियमन्त्रण खाता राखेको नपाइएकोले सरिदको आम्दानी तथा प्रयोग भएको रसिद एकीन गर्न सकिएन ।<br>• कम्प्यूटरकृत जिन्सी व्यवस्थापन प्रणालीमा दाखिला नभएको सामानहरु कार्यालयको एकिकृत अभिलेखमा समावेश गर्नुपर्दछ ।<br>• पालिकाले बेरुजु लगत म.ले.प. फाराम नं. ८०१, ८०२ र ८०५ तयार गरी राखेको पाइएन ।<br>• वित्तीय जवाफदेहिता पालनाः अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| १७ | | | **सवारी साधन मर्मत**<br>कर्यालयले सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गराई मर्मत सम्बन्धी विवरण स्पष्ट खुलाई गर्नु पर्दछ । पालिकाले सवारी साधन मर्मत वापत रु.१०३५६५१ खर्च लेखेको छ । सवारी साधनको मर्मत खर्च लेख्दा अधिकांश मर्मत आदेश तथा खर्चको विल भरपाइमा सवारी साधनको नाम र नम्बर उल्लेख नगरी खर्च लेखेको पाइयो । जसले गर्दा मर्मत भएको सवारी साधन पालिकाकै हो भनी एकीन गर्न सकिएन । अतः सवारी साधनको मर्मत गर्दा विस्तृत विवरण उल्लेख गरी खर्च लेख्नु पर्दछ । केही उदाहरण<br><table><tr><td>भौचर नं मिति</td><td>रकम</td><td>कैफियत</td></tr><tr><td>१३१-०७७।८।११</td><td>७४८६९</td><td>सावरी साधनको नम्बर नखुलाएको</td></tr><tr><td>५६९-०७७/१२/२१</td><td>४८१४७</td><td>सावरी साधनको नम्बर नखुलाएको</td></tr><tr><td>२६७-०७८/३/७</td><td>५००००</td><td>सावरी साधनको नम्बर नखुलाएको</td></tr></table> | |
| १८ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु.१४१९१४८ /– खर्च गरेको छ । यस्तो खर्च लेख्दा पुष्ठाई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १९ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्थानीय तहले अन्य सामाजिक सहायता शीर्षकबाट औषधी उपचार तथा अन्य प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्तिहरुलाई रु.४५७५६०/– आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २० | | | **कोभिड १९ रोकथाम तथा व्यवस्थापन**<br>पालिकाले कोभिड १९ रोकथाम तथा व्यवस्थापन कार्यको लागि प्राप्त आय र व्ययको परीक्षण गर्दा निम्नानुसार पाइयोः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१ | | | **कोभिड अस्पताल दरबन्दी विवरण** स्थानिय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार १ जना मेडिकल अधिकृत २ स्टाफ नर्स र १ जना अफिस एसिस्ट्यान्ट रहने व्यवस्था छ । जहदा गाउँपालिकाको कोभिड १९ अस्थायी अस्पतालमा १ जना मेडिकल अधिकृत तथा २ जना नर्स र १ जना कार्यालय सहयोगी गरी ४ जना स्वास्थ्यकर्मीहरु कार्यरत छन्। | |
| २०.२ | | | **पुर्व तयारी सम्बन्धी कार्यः** कोभिड महामारी नियन्त्रणका लागि सीमा नाका व्यवस्थापन, तथ्याङ्क संकलन, समुदायमा सचेतना कायक्रम, स्वास्थ्य सामाग्री वितरण, फिवर क्लिनिक संचालन परीक्षण तथा उपचार लगायतका कार्यहरु गरेको भन्ने विवरण पेश गरेको छ । कोभिड जस्ता प्रकोप महामारीको पूर्व आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाई कार्य गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| २०.३ | | | **औषधिजन्य सामाग्री खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विषेश परिस्थितिमा ऐनको दफा ६६ बमोजिम एक तहमाथिको स्वीकृति लिएर आकस्मिक परिस्थितिको लागि यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी आपूर्तिसंग दरभाउ लिई १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ तर कार्यालयले कोभिड १९ नियन्त्रणका लागि आवश्यक पर्ने औषधिजन्य सामग्री तथा राहात सामाग्रीलगायत खरिद गर्दा लागत अनुमान समेत तयार नगरी खुला दररेट माग गरी तथा सोझै खरिद गरेको देखियो । औषधिजन्य सामाग्री मात्रै रु २४६६७०७ को खरिद गरेको पाइयो ।यसरी कानुनको पालना गरी औषधि तथा राहत सामाग्री खरिल गर्नु पर्दछ । | |
| २०.४ | | | **सामाग्री खरिदः** कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सिधै खरीद भएको देखियो । | |
| २०.५ | | | **जोखिम भत्ताः** यस वर्ष कोभिड १९ मा खटिने जनसक्तिहरुलाई जोखिम भत्ता वापत १५ जना स्वास्थ्यकर्मीहरुलाई रु ६९१५१६ र ७ कर्मचारीहरुलाई रु २६८८२८ खर्च भएको छ । | |
| २०.६ | | | **कोभिड १९ व्यवस्थापन कोषः** गत वर्षको बैंक मौज्दात रु ८५७६२५५.९४ प्रदेश सरकारबाट रु ३४००००० र संघिय सरकारबाट रु १०,००,००० तथा पालिकाबाट रु ४२१८०१३ र अन्य श्रोतबाट रु ३५२८०० सहित जम्मा रु १७५४७०६८.९४ आम्दानी रहेकोमा कोभिड अस्पतालका स्वास्थ्यकर्मीको तलब, औषधि खरीद क्वारेन्टाइन व्यवस्थापन, सामाग्री खरिद लगायतमा रु १०१०२०८९ खर्च भएको छ । | |
| २१ | | | **पेश्की बाँकी** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **म्याद ननाघेको पेश्की :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार म्याद ननाघेको निम्न बमोजिम पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ । | |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | म्याद ननाघेको मोविलाइजेशन पेश्की | पेश्की विवरण |
|---|---|---|---|
| शाह निर्माण सेवा | ११/१३/२०७७ | ८००००० | महादेवकोल जाने सडकनिर्माण कालो पत्रे |
| पिहु एण्ड राज कन्स्ट्रक्सन | ११/१६/२०७७ | १३००००० | समपुरक कोष |
| शाह निर्माण सेवा | ११/१६/२०७७ | १८००००० | महादेवकोल जाने सडकनिर्माण कालो पत्रे |
| पिहु एण्ड राज कन्स्ट्रक्सन | ११/२३/२०७७ | १३२९००० | समपुरक कोष |
| जम्मा | | ५२२९००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.२ | | | म्याद नाघेको पेश्कीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की बाँकीको विवरण मलेप २११ अनुसार म्याद नाघेको निम्नबमोजिम पेश्की नियमानुसार फछ्र्योट हुनुपर्दछ रु | ६,५४९,४२० |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | पेश्की रकम | पेश्की विवरण |
|---|---|---|---|
| जोया एण्ड ब्रदर्श कन्ट्रक्शन प्रा.लि. | ०३/३०/२०७८ | २३२१००० | जुडी खोला पुल निर्माण |
| पुष्पाञ्जली/जोया एण्ड ब्रदर्श | ०३/३१/२०७८ | २३२१००० | जुडी खोला पुल निर्माण |
| सारथी टेक्नोसफ्ट प्रा. लि | ०६/१५/२०७७ | ३७७४२० | डिजिटल गाउं प्रोफाईल योजना निर्माण (समग्र सुचकको अवस्था) |
| श्री दुर्गा माध्यमिक विद्यालय | ०९/२८/२०७७ | ११३००० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| श्री दुर्गा माध्यमिक विद्यालय | ०९/२८/२०७७ | ८८७००० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| श्री दुर्गा माध्यमिक विद्यालय | ०९/२८/२०७७ | ८०००० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| श्री गणेश आधारभुत विधालय | ११/१२/२०७७ | २१०००० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| श्री दुर्गा माध्यमिक विद्यालय | ०१/०८/२०७८ | २१०००० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| सुदिरा न्योपाने | ०८/०८/२०७७ | १५००० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च |
| अनिल कुमार मण्डल | ०८/११/२०७७ | १५००० | विविध खर्च |
| | जम्मा | ६५४९४२० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **मनोरञ्जन कर**<br>जहदा गाउँपालिकाको कर तथा गैर कर राजस्व सम्बन्धी कानून, २०७५ को दफा १५ स्थानीइ सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जनस्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई असूल गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले मनोरञ्जन कर वापत कुनै कर संकलन गरेको पाइएन । कानूनको पालना गरी कर असूल गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **आन्तरिक आम्दानी तर्फ**<br>आन्तरिक आम्दानी तर्फः नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाले आर्थिक ऐन, २०७६ तयार गरी लागू गरेको भएता पनि सोही अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन ।<br>• गाउँपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय, परामर्शदाता लगायतका सबै निकाय, बैकं वित्तीय संस्था , अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने, नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन ।<br>• मनोरञ्जन कर वापत कुनैपनि रकम असुल गरेको पाइएन । गाउँपालिका क्षेत्रमा रहेका सिनेमा घर तथा चलचित्र भवन तथा होटलको दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन ।<br>• विभिन्न सघं संस्थाका घर तथा कार्यालय बहालकर असुल गर्न पूर्व अध्ययन गर्ने तथा कार्यान्वियन प्रभावकारी रुपमा गर्ने तर्फ कार्यालयको विशेष ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । जस्तै पसल तथा विभिन्न कार्यालयहरुको पूर्ण विवरण तयार गर्ने दर्ता तथा नविकरण अद्यावधिक गर्ने प्रति वर्ग फिटमा स्थान अनुसार बहालदर निर्धारण गरी असुल गर्नुपर्ने । | |
| २४ | | | **अनुममान भन्दा कम आय संकलन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तरगत विभिन्न कर तथा शुल्क लगाउने र कर वापतको बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक आयको अनुमान गरेको भन्दा कम आय संकलन गरेको विवरण निम्न छ । अत पालिकाले आयको अनुमान यथार्थ तयार गरी संकलन गर्नुपर्दछ । | |

| शीर्षक | अनुमानित | आम्दानी | कम प्रतिशत |
|---|---|---|---|
| सम्पत्ती, बहाल कर | ५,००,००० | १२,३८३.३४ | २.४८ |
| एकीकृत सम्पती कर | ४,००,००० | १०,८६८.३१ | २.७२ |
| वहाल विटौरी कर | २,००,००० | १,४८,१५३ | ७४ |
| अन्य कर | ३६,००० | ० | १०० |
| नक्सापास दस्तुर | ३,००,००० | ४५,५४३ | १५.१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **व्यवसाय कर**<br>जहदा गाउँपालिकाको कर तथा गैर कर राजस्व सम्बन्धी कानून, २०७५ को दफा १७ पालिकाले आफ्नो व्यवसाय गर्ने व्यक्तिबाट क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी तथा आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाइ उठाउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४१४७३५।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **विज्ञापन कर**<br>जहदा गाउँपालिकाको कर तथा गैर कर राजस्व सम्बन्धी कानून, २०७५ को दफा १६ मा जहदा गाउँपालिकाले सूचनापट्टमा विज्ञापन कर लगाई असूल गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले विज्ञापन कर वापत कुनै कर संकलन गरेको पाइएन । कनूनको पालना गरी कर असूल गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| २७ | | | **सवारी साधन कर**<br>जहदा गाउँपालिकाको कर तथा गैर कर राजस्व सम्बन्धी कानून, २०७५ को दफा १३ मा जहदा गाउँपालिकाले ईन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे तीनपांग्रे वा दुईपांग्रे सवारी साधन कर लगाई असूल गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले सवारी साधन कर संकलन गरेको पाइएन । कनूनको पालना गरी कर असूल गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| २८ | | | **स्थानीय तहको विभाज्य**<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मनोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतका कुनै पनि कर संकलन नगरेको जनाएको छ । आगामी दिनमा यस्तो करको संकलन गरी बिभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ । | |
| २९ | २८ | २०७८-३-१४ | **समानीकरण अनुदानबाट विद्यालयलाई अनुदान**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका शिक्षकलाई पालिकाले वित्तीय समानीकरण अनुदानबाट स्वयमसेवक शिक्षक, विद्यालय कर्मचारी बालविकास सहजकर्तालाई तलब भत्ता भुक्तानी रु१८५५४६६।७० भुक्तानी गरेको छ । आन्तरिक स्रोतबाट गर्नुपर्ने खर्च वित्तीय समानीकरण अनुदानबाट खर्च गरिनु नियमसम्मत भएन रु | १,८५५,४६६.७ |
| ३० | | | **बढी भुक्तानी**<br>बार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ बमोजिम शिक्षक दरबन्दी नभएको बार्षिक अनुदान उपलब्ध गराउने व्यवस्था भए बमोजिम लोहोन्द्रा आधारभूत विद्यालय र बाबा दिनभद्री आधारभूत विद्यालयलाई भौ नं १५, ५५, र १३० बाट प्रति विद्यालय रु९९९९०० अनुदान उपलब्ध गराएकोमा भौ नं ८ बाट समेत वालविकास र विद्यालय कर्मचारीलाई भनि लोहोन्द्रा आधारभूत विद्यालयलाई रु ८०००० र बाबा दिनभद्री आधारभूत विद्यालयलाई ११२५०० भुक्तानी भएको देखिएको छ । यसरी यी विदयालयलाई कार्यविधि विपरित दोहोरो अनुदान उपलब्ध भएकोले बढी भुक्तानी रकम सम्बन्धित विद्यालयबाट असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु | १९२,५०० |
| ३१ | १८९ | २०७८-३-२५ | **ससर्त शिर्षकबाट कोरोना सम्बन्धी खर्च**<br>गाउँपालिकाले कोरोना रोकथामका जनचेतनामूलक कार्यक्रम वापत भएको खर्च भौ नं १८६ बाट रु १०६६२९९ र भौ नं १८९ बाट रु४९५७९५ गरी रु १५६२०९४ संघीय ससर्त अन्तर्गत स्थानिय तहका स्वास्थ्य चौकी मा कार्यरत स्वास्थ्यकर्मी तलब शिर्षकबाट खर्च गरिएको छ । यसमा कोभिड १९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता वापतको रकम मन्त्रालय वा विभागले उपलब्ध गराउने भनि कोरोना भाइरस (कोभिड- १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ५ मा उल्लेख भएकोमा मन्त्रालय विभागबाट रकम प्राप्त नभएकोले स्वास्थ्य ससर्तबाट भुक्तानी भएको भन्ने जवाफ कार्यालयबाट आएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **मर्मत**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान ममर्त सम्भारको लागत अनुमन तयार गर्दा त्स्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मत मा रु.१४,२७,५८५/- र मेशिनरी तथा औजार मर्मत संभार मा रु. १७,५१,८५१/- गरी जम्मा रु.३१७९४३६/- खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए बमोजिम दक्ष विशेषज्ञबाट लागत अनुमान तयार नगर खर्च गरेको पाइयो । जिन्सी मालसामानको मर्मत गर्दा संभार तथा संरक्षण अभिलेख खाता (म.ले.प.फा.नं. ४१५) बमोजिम ममर्त गर्दा फेरिएको नयाँ सामान, मर्मत गर्दाको मूल्य, मर्मत गर्ने व्यक्ति वा फर्मको नाम, मर्मत संभारको निरीक्षण/प्रमाणित गर्नेको नाम र हस्ताक्षर समेत खुल्ने गरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था भएपनि राखेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्था पालना गरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । कार्यालयले ड्राइभिङ्ग तालिम तथा कृषि कार्यक्रम अन्तर्गत अनुदनमा वितरणको लागि सामाग्री एउटै फर्मबाट पटक पटक गरी खरिद गरेको छ । कनून अनुसार सिलबन्दी दरभाउपत्र नलिई प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खर्च गरेकोले नियमसम्मत नदेखिएको रु. | १,७६५,०३५ |

| भौचर नं र मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| २२-०७७।५।११ | गौरी भक्त होटेल म्यानेजमेन्ट एण्ड टेक्नोलोजी ट्रेिडङ्ग प्रा.लि. | ड्राइभिङ्ग तालिम | ५६५०० |
| | | ड्राइभिङ्ग तालिम | ५६५०० |
| ३४५-०७७।१०।२० | | ड्राइभिङ्ग तालिम | ४९७००० |
| २-०७७।८।८ | एस जि एग्रो ट्रेडर्स | तरकारी मिनिकिट | ९९९२४ |
| | | रासायनिक मल | ९९९६४ |
| ३-०७७।९।६ | | पावर स्प्रे | ३२६७५४ |
| | | च्याउको वीउ | १९९९७१ |
| ५-०७८।१।६ | | तरकारी मिनि किट | ९९६२२ |
| ६-०७८।३।१३ | | ढैंचा र मुङको वीउ | ३२८८०० |
| जम्मा | | | १७६५०३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>अग्रिम कर<br>आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिबाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>भौ०नं० र मिति</th><th>व्यक्ति वा फर्मको नाम</th><th>भुक्तानी रकम</th><th>अग्रिम कर(१०५%)</th><th>पारिश्रमिक कर(१५%)</th><th>कैफियत</th></tr>
<tr><td>१४६-०७७/८/११</td><td rowspan="6">कानूनी सल्लाहकार राज कुमार राजवंशी</td><td>१५०००</td><td>-</td><td>२१००</td><td rowspan="6">भुक्तानी गर्दा १ प्रतिशतमात्र कट्टी</td></tr>
<tr><td>२६०-०७७/९/१४</td><td>१५०००</td><td>-</td><td>२१००</td></tr>
<tr><td>३५६-०७७/१०/२३</td><td>१५०००</td><td>-</td><td>२१००</td></tr>
<tr><td>५७०-०७७/१२/३१</td><td>४००००</td><td>-</td><td>५६००</td></tr>
<tr><td>७१२-०७८/०३/०६</td><td>१५००</td><td>-</td><td>२१००</td></tr>
<tr><td>२६४-०७८/३/७</td><td>२००००</td><td>-</td><td>२८००</td></tr>
<tr><td>३१८-०७७/१०/२</td><td>तुलसी मोटर पम्प इन्डस्ट्री</td><td>४९८९४०</td><td>२९८४</td><td>-</td><td>कम कट्टी गरेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९८४</td><td>१६८००</td><td></td></tr>
<tr><td colspan="4">कुल जम्मा</td><td>१९७८४</td><td></td></tr>
</table></td><td>१९,७८४</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>सामुहिक म्यादी बीमा<br>३२२-०७७/१०/२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले सामुहिक म्यादी बीमा ९८ जना कर्मचारीहरुको शुल्क उल्लेख गरी सिटिजन लाइफ इन्सोरेन्स प्रा.लि. लाई रु. ४९८८१८ भुक्तानी गरेको छ । जसमा कुन प्रयोजनको लागि बीमा गरेको नखुलेको, बीमालेख तथा विल भरपाई पेश नभएकोले बीमा सम्बन्धी सम्पूर्ण कागजात पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.</td><td>४९८,८१८</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>दिवा खाजा व्यवस्थापन<br>३२२-०७७/१०/२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ ।आठौं गाउँसभा संशोधित नीति तथा कार्यक्रम अनुसार ३६ वटा विद्यालयहरुलाई रु. १०००० का दरले दिवा खाजा व्यवस्थापन सामाग्री खरिद गर्नको लागि रु. ३६०००० भुक्तानी भएको छ । विद्यालयहरुले दिवा खाजा व्यवस्थापन सामाग्री खर्च गरेको विवरण तथा विल भरपाई पेश नभएकोले आवश्यक कागजात पेश गर्नुपर्ने रु.</td><td>३६०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **स्यानिटरी प्याड खरीद**<br>पालिकाले स्यानियटरी प्याड खरीदका लागि रारा प्रोडक्स एण्ड प्याकेजिङबाट भ्याट समेत रु १७४०२०० मा सम्झौता गरी भौ नं ६२।१२।०१ बाट भुक्तानी दिएकोमा भौ २००।३।२६ मा शिर्षक समायोजन गरी मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रमबाट रु २९४२०० खर्च गरेको छ । यसमा सुरुमा स्यानिटरी प्याड खरिदका लागि प्राप्त बजेटबाट ठेक्का आव्हान भई खरीद भई भुक्तानी भएकोमा पछि बजेट समायोजन भई सो शिर्षकमा कम बजेट विनियोजन भई शिर्षक फरक परेको भन्ने कार्यालयको भनाई रहेको छ । यसरी बजेटको सुनिश्चितता नभई खर्च गरिनु उपयुक्त नभएको र फरक शिर्षकबाट खर्च समायोजन गर्नु नियमसम्मत भएन रु | २९४,२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने**<br>राष्ट्रपति शैक्षिक सुधार सुधार कार्यक्रम र शिक्षा ससर्त तर्फ देहायका विद्यालयलाई भौतिक निर्माण तर्फ अनुदान प्राप्त भएकोमा लेखापरीक्षण अवधिसम्ममा पनि कार्य सम्पन्न भएको पाइएन । स्वीकृत योजना अनुरुपको कार्य भएको सम्बन्धमा गाउँपालिकाबाट नियमित अनुगमन मूल्याङ्कन गरी यथाशिघ्र सम्पन्न गरी विद्यालय व्यवस्थापन समिति, सम्बन्धित विद्यालयका प्र.अ. , गाउँपालिकाका प्रमुख प्रशासकिय प्रमुख, शिक्षा शाखा प्रमुखद्वारा प्रमाणित कार्यसम्पन्न प्रतिवेदन जिन्सी दाखिला पेश हुनुपर्ने रु | १२,७००,००० |

| विद्यालयको नाम | अनुदान रकम | कार्यक्रम | कार्य विवरण |
|---|---|---|---|
| जनता मावि | ६५०००० | विद्यालय कार्यसम्पादन अनुदान | शिक्षण सकाइमा आइसिटी प्रयोग |
| सार्वजनिक मावि | ६५०००० | विद्यालय कार्यसम्पादन अनुदान | विज्ञान प्रयोगशाला |
| गणेश आवि | ७००००० | विद्यालय भौतिक पूर्वाधार अनुदान | वास सहितको शौचालय |
| दुर्गा मावि | १८००००० | विद्यालय भौतिक पूर्वाधार अनुदान | चार कोठे भवन |
| दुर्गा मावि | १८००००० | विद्यालय भौतिक पूर्वाधार अनुदान | विद्यालय भवन फर्निचर सहित |
| दुर्गा मावि | ७००००० | विद्यालय भौतिक पूर्वाधार अनुदान | वास सहितको शौचालय |
| गणेश आवि | ३५०००० | विद्यालय भौतिक पूर्वाधार अनुदान | वास सहितको शौचालय |
| जनता मावि | १८००००० | राष्ट्रपति शैक्षिक सुधार | २ कोठे भवन |
| सार्वजनिक मावि | १८००००० | राष्ट्रपति शैक्षिक सुधार | २ कोठे भवन |
| लक्ष्मी मावि | १८००००० | राष्ट्रपति शैक्षिक सुधार | २ कोठे भवन |
| जनता बाल आवि | ६५०००० | राष्ट्रपति शैक्षिक सुधार | शिक्षामा नविन प्रविधि |
| जम्मा | १२७००००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td>७</td><td>२०७७-८-९</td><td>करार शिक्षकको तलब<br>अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानिय तहलाई स्वीकृत दरवन्दीभित्रका शिक्षकको तलब भत्ता वापत ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका ८ सामुदायिक विद्यालयमा गाउँपालिकाले नियुक्त गरेका स्वयम् सेवक शिक्षकको तलब खर्च गाउँपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी हुनुपर्नेमा शिक्षा ससर्त तर्फबाट भुक्तानी भएकोले भुक्तानी भएको रु ५५६००० संघीय सरकारलाई फिर्ता दाखिला गर्नुपर्ने देखिएको रु</td><td>५५६,०००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सूचना विज्ञापनमा छुट<br>सूचना प्रकाशन गरे वापत विज्ञापनदाताले निश्चित प्रतिशत व्यवसायिक छुट दिने गरेको पाइन्छ । गाउँपालिकाले सूचना प्रकाशन गरे वापत देहायका एडभरटाइजिङ्ग फर्मलाई भुक्तानी दिएकोमा छुट लिएको पाइएन । छुट नलिई भुक्तानी गर्दा पालिकालाई थप व्ययभार परेको देखिन्छ ।
<table>
<tr><th>भौचर र मिति</th><th>सूचान प्रकाशन गर्ने फर्म</th><th>भुक्तानी रकम</th><th>छुट</th></tr>
<tr><td>५९-०७७/६/९</td><td>युग पब्लिकेशन विराटनगर</td><td>८५०००</td><td>०</td></tr>
<tr><td>१०४-०७७/८/१०</td><td>युग पब्लिकेशन विराटनगर</td><td>५०८५०</td><td>०</td></tr>
<tr><td>१७५-०७७/८/१८</td><td>टिविआई पब्लिकेशन</td><td>८४०००</td><td>०</td></tr>
<tr><td>१२-०७७/८/१२</td><td>टिविआई पब्लिकेशन</td><td>११२०००</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सक्कल विजक<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायको कार्य गरी खर्च लेखेकोमा सक्कल विल पेश नभएकोले सक्कल विल पेश गर्नुपर्ने अन्यथा असूल गर्नेपर्ने रु.
<table>
<tr><th>र मिति</th><th>फर्म/संस्थाको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१७५-०७७/८/१८</td><td>IPTM Nepal</td><td>Procurement of Work & Contract Management</td><td>१५०००</td></tr>
<tr><td>२८५-०७७/९/२२</td><td>विग्नेश म्यानेजमेन्ट सर्भिस</td><td>दर्ता चालनी तथा सिफारिस सफ्टवेयर</td><td>४९२६८०</td></tr>
<tr><td>२६-०७७/६/१३</td><td>तिरुपति अटो प्यालेस</td><td>सवारी साधन मर्मत</td><td>११९२१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५१९६०१</td></tr>
</table></td><td>५१९,६०१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **ससर्तबाट भुक्तानी**<br>१८०।३।२५ गापाको आन्तरिक अनुदान स्रोतबाट रु १००० प्रति महिना अनुदान दिने गरी कार्यक्रम स्वीकृत भएकोमा ससर्त तर्फबाट लोहोन्द्रा आविलाई रु २६०००, बाबा दिनभद्री आविलाई रु २६००० र बुद्धेश्वरी माविलाई रु१३००० गरी कुल रु ६५००० भुक्तानी भएको हुँदा आन्तरिक स्रोतबाट गर्नुपर्ने खर्च ससर्तबाट भएकोले ससर्त तर्फ सोधभर्ना गर्नुपर्ने देखिएको रु | ६५,००० |
| ४३ | | | **फर्निचर खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु दश लाख भन्दा बढी खरिद कार्य गर्नुपर्दा वार्षिक खरिद योजना तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फर्निचर खरिद गर्दा देहाय बमोजिमका फर्महरुबाट सोझै खरीद गरेको छ । नियमको पालना गरी बार्षिक खरिद योजना बनाएर प्रतिस्पर्धात्मक विधिबाट ठेक्का प्रक्रिया अप्नाई खरीद गर्ने कार्यमा ध्यान दिनुपर्दछ । | |

| भौचर र मिति | सप्लायर्स | रकम |
|---|---|---|
| १३६-१२।२७ | न्यू आर के फर्निचर | ५६५०० |
| ३४८-३।२७ | न्यू आर के फर्निचर | १०९६१० |
| ३४३-३।२३ | न्यू आर के फर्निचर | ८४७५० |
| ३८९-३।२७ | न्यू आर केफर्निचर | ९६०५० |
| ३९५-३।२८ | न्यू आर के फर्निचर | ९८८७५ |
| ३६६-३।२५ | सुनकोसी फर्निचर हाउस | ९३२५३ |
| ४०४-३।२९ | अंजना फर्निचर उद्योग | ८५८८० |
| ४०७-३।२९ | अंजना फर्निचर उद्योग | ४१३३२० |
| जम्मा | | १०३८२३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **अमानतबाट कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिरकारी पूर्व स्वीकृति लिई एक लाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धि काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ ।गाउँपालिकाले देहाय अनुसारको काम एक तह माथिको स्विकृति नलिई अमानतमा गराएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु. | ६५२,६५० |

| गो.भौ. नं. र मिती | कामको विवरण | अमानत कामसँग सम्बन्धित कर्मचारी | भुक्तानी रकम |
|---|---|---|---|
| २४-०७७।९।१० | प्रहरी चौकीको भान्सा मर्मत | | ९५००० |
| ७३-०७७।११।११ | हनुमान मन्दिर मर्मत | नविन प्रसाद मण्डल | ९५८१५ |
| ९३-०७७।११।२५ | तिरटोल सडक मर्मत | लिलाकान्द साह | ९०३९२ |
| ९४-०७७।११।२५ | जयरामपुर जाने सडक मर्मत | लिलाकान्द साह | ९००५२ |
| २८५-०७८।३।१४ | वर्थिङ्ग सेन्टर वडा नं ५ | | ९१८११ |
| ६४०-०७८।३।२२ | राधाकृष्ण मन्दिरमा रंगरोकन तथा गजुर निर्माण | रोजिना विष्ट | ९४७७३ |
| ६४०-०७८।३।२२ | दिनेश यादवको घरदेखि दक्षिण जाने सडक ग्राभेल | रमा कटुवाल | ९४८०७ |
| जम्मा | | | ६५२६५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाको कुल दरबन्दीमा ४० प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३१ विद्यालय | १५३ | १५३ | ६१ | ८५८६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**बढी ग्रेड**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । निम्न अनुसारको बढी निकासा दिएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु.

<table>
<tr><th>शिक्षकको नाम</th><th>विद्यालय</th><th>बढि ग्रेड</th><th>ग्रेड रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>सन्तोष कुमार अधिकारी</td><td>दुर्गा मावि</td><td>१</td><td>९४०</td><td>११२८०</td></tr>
</table>

</td><td>११,२८०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**औषधी खरिद र व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस गाउँपालिकाले स्वास्थ्य ससर्तमा ४ सप्लायर्सबाट रु१८८६१८६ र स्वास्थ्य चालुमा ५ सप्लायर्सबाट रु४०००००० गरी कुल रु ५८८६१८६ उक्त प्रक्रियावेगर औषधि सोझै खरिद गरेको छ । जस्मा थप निम्न व्यहोरा देखियोः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. वाट सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एवमं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।
- खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा सम्पूर्ण औषधीहरुको मौज्दात शुन्य देखाएको छ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरीएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने, आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तथा अथोराइज्ड स्टक लेभल (ASL)र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**सामाजिक सुरक्षा**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.१ | | | **वर्षान्तमा बैंक मौज्दात :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा बैक मार्फत लाभग्राहीको खातामा भत्ता रकम दाखिला हुनेगरी ३ वटै चौमासिकमा हुने रु ८०३५२००० निकासा दिएकोमा लाभग्राहीको खातामा रकम दाखिला गरेको विवरण बैंकबाट कार्यालयले लिएको देखिएन । लाभग्राहीको खातामा दाखिला गरेको रकम घटाई संघीय संचितकोष फिर्ता गर्नुपर्ने रकम मध्ये बैंकले विभिन्न मितिमा भत्ता वितरण गरी बाँकी रहेको मौज्दात जनाई रु. ३८६८१४१ गाउँपालिकाको चालु खातामा मिति २०७८।७।४ मा दाखिला गरेको छ । सो रकमलाई वेरुजु खातामा दाखिला गर्नुपर्ने रु | ३,८६८,१४१ |
| ४८.२ | | | <ul><li>**पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।</li><li>प्रथम चौमासिकको वितरित रकमको आधारमा दोस्रो चौमासिकमा र दोस्रो चौमासिकको वितरित रकमको आधारमा तेस्रो चौमासिकमा रकम निकासा दिनु पर्नेमा वितरित रकम भन्दा बढी निकासा दिने र वर्षान्तमा वितरण नभई बाँकि रहेको रकम फिर्ता गर्ने गरेको पाइयो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा समेत बढी रकम निकासा दिने र वितरण नभएको रकम ढिला गरी दाखिला गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । आर्थिक वर्षको बाँकी रकम समयमै फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</li><li>**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।</li><li>**अनुगमन तथा सुपरिवेक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनुपर्ने देखिन्छ ।</li><li>**निष्कृय खाता विवरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित</li></ul> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । अनूसूची 8 मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले 15 दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर सो विवरण राखेको देखिएन ।<br>• **करार व्यवस्थापन :** विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा माछापुच्छ्रे बैंकसँग एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्ता वितरण हुनुपर्दछ ।<br>• **भत्ता विवरण :** बैंकलाई रकम निकासा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा गाउँपालिकाले प्रथम चौमासिकको भत्ता कार्तिक २४ गते, दोश्रो चौमासिकको भत्ता फागुन ४ गते र तेश्रो चौमासिकको भत्ता २०७८ जेष्ठ ३० गते बैंकमा निकासा गरेको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र कुनै पनि चौमासिकको रकम बैंकमा पठाएको देखिएन ।कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । | |
| ४९ | | | **संचार खर्च**<br>गाउँपालिकाले यस वर्ष संचार खर्च शीर्षकबाट इन्टरनेट शुल्क तथा मोबाई रिचार्ज खर्च रु. ६३८८९६ खर्च गरेको छ । कार्यालयमा ल्याडलाईन टेलिफोन जडान नभएकोले कर्मचारी तथा पदाधिकारीहरुलाई संचार खर्च वापत मोवाइलमा रिचार्ज खर्च दिने गरेको पाइयो । यसरी संचार खर्च दिनको लागि कार्यविधि नभएकोले कति खर्च पाउने एकीन गर्न सकिएन । आगामी दिनमा संचार खर्च सम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । | |
| ५० | | | **वडा अनुगमन भत्ता**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाउँपालिकाको पदाधिकारीहरुले अनुसूची-१ (क) बमोजिम सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिम हुने उल्लेख छ ।सोही ऐनको अनुसूची -१(क) को क्र.स. ५ मा गाउँपालिकाको पदाधिकारीहरुको अनुगमन भत्तामा सम्बन्धी व्यवस्था गरेकोमा वडा सदस्यहरुलाई सो भत्ताको व्यवस्था गरेको छैन तर पालिकाले देहायका २० जना वडा सदस्यहरुलाई कानूनमा भएको व्यवस्था विपरित अनुगमन भत्ता मासिक रु. २०००।– का दरले भुक्तानी भएको रकम कानूनसंगत नदेखिएकोले असूल उपर गर्नु पर्ने रु. | ४०८,००० |

| क्र.स. | नाम पद | मासिक रु. | वार्षिक रु. | खुद भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | वडा सदस्य श्री रोसन मिया | २००० | २४००० | २०४०० |
| २ | वडा सदस्य श्री विनदेश्वर सरवरिया | २००० | २४००० | २०४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा सदस्य श्री अमृता कुमारी राजभर | २००० | २४००० | २०४०० |
| ४ | वडा सदस्य श्री अघनियादेवी रिषिदेव | २००० | २४००० | २०४०० |
| ५ | वडा सदस्य श्री ज्ञान्नद प्रसाद सिंह | २००० | २४००० | २०४०० |
| ६ | वडा सदस्य श्री चैतन सोरेन | २००० | २४००० | २०४०० |
| ७ | वडा सदस्य श्री मन्जुदेवी सदा | २००० | २४००० | २०४०० |
| ८ | वडा सदस्य श्री सुखितलाल राजबंशी | २००० | २४००० | २०४०० |
| ९ | वडा सदस्य श्री साइली टुडू | २००० | २४००० | २०४०० |
| १० | वडा सदस्य श्री ताराचन्द्र गनगाई | २००० | २४००० | २०४०० |
| ११ | वडा सदस्य श्री सोतिलाल मुखिया | २००० | २४००० | २०४०० |
| १२ | वडा सदस्य श्री प्रमोद कुमार मण्डल | २००० | २४००० | २०४०० |
| १३ | वडा सदस्य श्री लिलादेवी मोची | २००० | २४००० | २०४०० |
| १४ | वडा सदस्य श्री लक्ष्मण सिंह नुनिया | २००० | २४००० | २०४०० |
| १५ | वडा सदस्य श्री बौनियाँ देवी गनगाई | २००० | २४००० | २०४०० |
| १६ | वडा सदस्य श्री उर्मिला देवी ऋषिदेव | २००० | २४००० | २०४०० |
| १७ | वडा सदस्य श्री मुरतुजा अन्सारी | २००० | २४००० | २०४०० |
| १८ | वडा सदस्य श्री महेन्द्र करदार | २००० | २४००० | २०४०० |
| १९ | वडा सदस्य श्री तारादेवी ऋषिदेव | २००० | २४००० | २०४०० |
| २० | वडा सदस्य श्री उमेशप्रसाद मण्डल गन्गाई | २००० | २४००० | २०४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| \| ४८०००० \| ४०८००० | |
| ५१ | | | **इन्धन खर्चको मापदण्ड**<br>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु.९,९९,९९९.५०/- र इन्धन (पदाधिकारी) मा रु.८,९९,४८२/- गरी जम्मा रु.१८९९४८१.५०/- इन्धनमा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा सवारी साधन प्रयोगको लगबुक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ५२ | | | **कानून व्यवसायीलाई भुक्तानी**<br>२०८-२०७७।८।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । कार्यपालिकाले निर्णय गरी कानून व्यवसायी नारायण वस्तीलाई रु. ३१००० भुक्तानी गरेको छ । जसमा कानून व्यवसायीलाई निर्णयको आधारमा मात्रै भुक्तानी भएको र निजलाई भुक्तानी गर्दा कुनै कार्य वा उद्धेश्य नखुलाई भुक्तानी गरेको उक्त रकम असूल गर्नुपर्ने रु. | ३१,००० |
| ५३ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणको आवश्यक नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकालके जटिल प्रकृतिका भवन, कल्भर्ट, पुल निर्माण आदि उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोपत्रको माध्यमबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । केही उदाहरण | |

| उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| सन्थाल संग्राहलय निर्माण उ.स. | सन्थाल संग्राहलय निर्माण | १८९४७४४ |
| वडा नं ५ र ६ जोड्ने अधुरो कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | ६५७७३२ |
| जय नन्दनको घरदेखि ग्राथानसम्म जोड्ने बाटोमा कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | ७५११०१ |
| हरिनगरा पहाडे आरसिसि कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | २८१४१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **उपभोक्ता समिति छनौट**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ५५ | | | **उपभोक्ता समिति मार्फत खेलकुद कार्यक्रम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपभोक्ता समितिबाट कुनै पनि कार्य गर्दा कामको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम खुलाई सम्झौता गरी गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायको खेलकुद सम्बन्धी कार्यक्रम उपभोक्ता समिति मार्फत गराएको छ जसमा लागत सहभागिता/श्रमदा नभएको र प्रत्यक्ष उपभोक्ता समितिलाई लाभ नहुने कार्य गरेको पाइएकोले नियमको पालना भएको पाइएन । नियमको पालना गरी उपभोक्ता प्रत्यक्ष लाभान्वित हुने तथा लागत सहभागीता हुने कार्यक्रम मात्रै उपभोक्ता समितिबाट गराउनु पर्दछ । देहायको खेलकुद कार्यक्रम उपभोक्ता समितिबाट गराएको पाइएकोले नियमको पालना गरी यस्ता कार्यक्रम खर्चलाई निरुत्साहित गर्नु पर्दछ । केही उदाहरण<br><br>भौचर नं र मिति \| खेलकुद कार्यक्रमको नाम \| खर्च रकम<br>५२७-०७७।१२।१८ \| अध्यक्ष कप फुटवल प्रतियोगिता २०७७ \| १४५५००<br>५३६-०७७।१२।२० \| क्रिकेट कप \| २४८६७५ | |
| ५६ | | | **उपभोक्ता समिति मार्फत निर्माण व्यवसायीबाट सोझै कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख भएकोमा उपभोक्ता समितिवाट आफैले कार्य गर्ने भनी सम्झौता भएको भएता पनि कतिपय उपभोक्ता समितिहरुले निर्माण ब्यबसायीलाई पुन ठेक्का दिई कार्य गरेको देखियो । उपभोक्ता समितिवाट विना प्रतिस्पर्धा निर्माण ब्यवसायीलाई नै काम लगाउने हो भने स्थानीय लाभग्राहीहरु लाभान्वित हुन सक्ने देखिदैन । कार्यालयवाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमका प्रकृयाहरु पुरा गरी प्रतिस्पर्धा गराई गुणस्तरिय कार्य सम्पादन हुने गरी कार्य गराउनु पर्ने वा उपभोक्ता समितिवाट कार्य गराउने हो भने पनि स्थानीय लाभग्राहीहरु लाभान्वित हुने सुनिश्चता हुने गरी कार्य गराउनु पर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>जनसहभागिता<br>उपभोक्ता समितिले कार्य गर्दा गाउँपालिकासंग भएको सम्झौता बमोजिम कार्य गर्नु पर्दछ । दिनाभद्री मन्दिर निर्माण जयरामपुर योजना उपभोक्ता समिति मार्फत गरेको जसको लागत अनुमान रु. ५३४३८५।२५ रहेकोमा गाउँपालिकाले रु. ४७५००० र उपभोक्ता समितिले रु.५९३८५ व्यहोर्ने उल्लेख छ । दोस्रो/अन्तिम विल अनुसार मन्दिर निर्माण कार्य रु.१७१७७७।५२ को भएकोमा उपभोक्ता समितिको सहभागीताको रकम रु.१९२३०।५९ रहेको छ । उपभोक्ता समितिलाई भुक्तानी गर्दा समितिको सहागिताको रकम कट्टी नगरी भुक्तानी भएकोले असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१९,२३०.५९</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर रकम<br>रकमः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर दिन मिल्ने व्यवस्था छैन । पालिकाले देहायको कार्य उपभोक्ता समिति मार्फत गराएकोमा कम अभिवृद्धि कर विजक पेश भएकोले उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धि कर रकम भुक्तानी भएको हुँदा सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कार्य</th><th>आइटम</th><th>हुनुपर्ने भ्याट रकम</th><th>भ्याट विल</th><th>भ्याट भुक्तानी</th></tr>
<tr><td>लोहोन्द्रा खोला तटबन्ध निर्माण उ.स.</td><td>लोहोन्द्रा खोला तटबन्ध निर्माण</td><td>ढुंगा</td><td>७३८४६।५७</td><td>३९४६८</td><td>३४३७८.५७</td></tr>
<tr><td>मेन नहर देखि पूर्व सोमा मुखिया घर जाने सडक निर्माण उ.स.</td><td>मेन नहर देखि पूर्व सोमा मुखिया घर जाने सडक निर्माण</td><td>ढुंगा</td><td>१५०५११।१८</td><td>१२९२७२</td><td>२१२३९.१८</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>55618.00</td></tr>
</table></td><td>५५,६१७</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>घटी प्रतिस्पर्धा<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था छ । कार्यालयले योजनामा लागत अनुमानको तुलनामा न्यून प्रतिस्पर्धा भै लागत अनुमानको हाराहारीमा ठेक्का गरी सम्झौता गरेको छ । साथै कार्यालयले इ विड समेत गरेको पाइएन । विदुर यादवको घरदेखि बुधेश्वरी स्कुल जाने सडकको ठेक्काको कुल लागत रु ४९६५८००।७६ भएकोमा ०.०५ प्रतिशत मात्र घटी कबोल अंक भई ठेक्का सम्झौता रु ४९६३३००।९० भएको देखिन्छ । खरिद कार्यवाहीमा प्रतिस्पर्धा हुन नसकी लागत अनुमान कै हाराहारीमा ठेक्का सम्झौता भएको देखिएको छ । प्रतिस्पर्धालाई सिमित नगर्ने गरी इ विडिङ्ग र प्रमुख पत्रिकाहरुमा विज्ञापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>महादेवकोल कालोपत्रे सडक<br>महादेवकोल कालोपत्रे सडकको कार्य उपभोक्ता समिति मार्फत गरेकोमा चेनेज नखुलेको, विस्तृत नापजाँच नगरेको, साथै स्थलगत निरीक्षण गर्दा ग्याविन कार्यको नापी गर्दा नापी किताव भन्दा फरक फरक परिमाण देखिएकोले कार्यालयले विस्तृत रुपमा नापजाँच गरी परिमाण एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>रामजानकी मन्दिर वनकरिया देखि तरिचोक सडक जाने सडक<br>रामजानकी मन्दिर वनकरिया देखि तरिचोक सडक जाने सडकको ठेक्का प्रकृया संचालन गर्दा २ वटा बोलपत्र परेकोमा सुनिल कन्स्ट्रक्सनलाई स्वघोषणा (Self Eligibility Declaration) नभएको आधारमा अनुत्तिण गरेको देखियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६१(९) बमोजिम सामान्य कुराहरु बोलपत्र मूल्याँकन कमिटिले माग गर्न सक्ने भएतापनि सो कार्य नगरेकोले पूर्ण प्रतिस्पर्धा भएको पाइएन ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>हात्तिबन्दर र वडा नं ३ जोड्ने जुडी खोलाको पुल<br>हात्तिबन्दर र वडा नं ३ जोड्ने जुडी खोलाको पुलको निर्माण कार्य पुष्पाञ्जली जोया एण्ड ब्रदर्श जे.भी. ले गरेकोमा निम्नानुसार पाइयो</td><td></td></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>कार्यालयले उपरोक्त पुलको DPR (Detail Project Report) कन्चेम्वर कन्सल्टेन्सीबाट गराएकोमा जिन्सी दाखिला गरेको छ । ३ प्रति पेश गर्नुपर्नेमा प्रमाणित नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु</td><td>८६०,०००</td></tr>
<tr><td>६२.२</td><td></td><td></td><td>E-Bidding मार्फत ठेक्का प्रकाशित गर्दा ७ वटा निर्माण व्यवसायीले Bid Submit गरेकोमा ६ वटा प्राविधिक परीक्षणमा अनुत्तिर्ण देखाएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६१ बमोजिम बोलपत्र मूल्याँकन समितिले साधारण कागजातहरु पछि पनि माग गर्न सक्ने प्रावधान रहेको भए तापनि सामान्य कुराहरुको आधारमा अनुत्तिर्ण देखाएकोले एक मात्र उत्तिण गरेको देखियो । अतः कार्यालयले नियमको पालना गरी धेरै निर्माण व्यवसायीहरुलाई प्रतिस्पर्धा गराई कम लागतमा कार्य गराउनु पर्दछ । केही उदाहरण
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>अनुत्तिण कारण</th></tr>
<tr><td>जोसिला निर्माण सेवा</td><td>सूचना अगावैको मेशिनरी औजार को सम्झौता भएकोले स्वीकार नगरेको</td></tr>
<tr><td>समता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि</td><td>निडिल भाइवेटर एक मात्र रहेको</td></tr>
<tr><td>कार्की बन्धु ब्रदर्श जे भी</td><td>ट्रिपरको सम्झौता २०७७।१०।२७ सम्म मात्र रहेको, ३ वटा भाइवेटरमा २ वटा मात्र रहेको</td></tr>
<tr><td>जोसी आर के जे भी</td><td>Work Schedule को समय ठेक्का पूर्व ६ हुनु पर्नेमा २ महिना अधिको राखेको, निडिल भाइवेटर २ वटा पुरानो भएको र १ वटाको भन्सारको प्रज्ञापनपत्र नभएकोले</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२.३</td><td></td><td></td><td>कार्यालयसंग पुलको दक्ष जनशक्ती नभएको अवस्थामा Heavy Design को पुल निर्माण गर्नु उपयुक्त देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **विदुर यादवको घरदेखि बुधेश्वरी स्कुल जाने सडक**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।विदुर यादवको घरदेखि बुधेश्वरी स्कुल जाने सडकको निर्माण कार्य दाहाल कन्स्ट्रक्सनले रु. ४९६३३००।९० मा गरेकोमा निमानानुसार पाइयोः | |
| ६३.१ | | | • लागत अनुमान तयार गर्दा अधिकांश योजनामा क्वेरी साइट उल्लेख नगरेकोले भिडान गर्न सकिएन साथै Imported Earthwork मा on side लेखेकोमा 1.9 km बाट ढुवानी गरेको देखाउँदा बढी हुन गएको छ ।<br>• सडकको सुरु चेनेज उल्लेख गरेको छैन । सडकको Detail लागत अनुमान र नापी किताव तयार गरेको छैन । ४५३ रनिङ्ग मिटरको काम एकै पटक नापी गरेको देखाएकोले परिमाण वास्तविक रहेको छ भन्न सकिएन ।अतः पुन नापजाँच गरी परिमाण एकीन गर्नुपर्दछ ।<br>• २ स्थानमा ह्युम पाइप कल्भट तयार गरेकोमा चेनेज खुलाएको छैन । | |
| ६३.२ | | | Base Course मा Average Thickness 13cm रहेकोमा नापीमा 17cm को दरले भुक्तानी गरेकोले र प्राविधिक पुष्टाई विना नै 4.5 cm बढी उचाइ दिएकोले 101.925 m3 बढी परिमाण देखाएकोले पुनः विस्तृत नापजाँच गरी परिमाण एकीन गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ३०५,७७५ |
| ६४ | | | **जहदा हस्पिटल निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।जहदा हस्पिटल निर्माणको कार्य पिहुँ एण्ड राग कन्स्ट्रक्सन कम्पनिसंग रु.१४९८०३०१।८९ मा कार्य गर्ने गरी सम्झौता भएकोमा निम्नानुसार पाइयोः | |
| ६४.१ | | | कार्यालयले सूचना प्रकाशित गर्दा नै Quality Assurance Plan, Rate analysis and Work Schedule जस्ता थप प्रावधान राखि सूचना प्रकाशित गरेको छ । उपरोक्त बुँदाहरु बोलपत्रको मूल्यांकनको लागि सारभूतपन मान्न सकिएन । साथै उक्त बुँदा थप गर्ने आधार खुलेको छैन । जसले गर्दा ठेक्का प्रतिस्प्रर्धालाई सिमित गरेको छ । २० वटा निर्माण व्यवसायी समावेश भएको ठेक्का प्रक्रियामा अन्य १९ वटा लाई उपरोक्त ३ आधार पेश नभएको आधारमा आर्थिक प्रस्तावमा संलग्न गराएको छैन । प्राप्त आर्थिक प्रस्ताव मध्ये बजंङ्गवली महाविर कन्स्ट्रक्सनको सबै भन्दा कम रु. ११५०१९७८।४१ को आर्थिक प्रस्ताव पेश गरेको छ । मूल्यांकनमा सामान्य कुराहरु सहित थप कागजात पेश गर्न लगाउन पाउने अधिकार बोलपत्र मूल्यांकन समितिलाई भएतापिन थप विवरण माग समेत नगरी आर्थिक प्रस्तावमा संलग्न नगर्नु उपयुक्त देखिएन । साथै Work Schedule, Quality Assurance, Rate analysis जस्ता कार्य सम्झौता गर्दा गर्नुपर्ने कुरालाई बोलपत्र मूल्यांकनमा राखेर बोलपत्र मूल्यांकनबाट हटाउँदा कार्यालयलाई व्ययभार परेको रु. | ३,४७८,३२३.४८ |
| ६४.२ | | | लेखापरीक्षणको क्रममा तुलनात्मक तालिका, सूचना प्राप्त भएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४.३</td><td></td><td></td><td>भवनको लागत अनुमान तयार गर्दा आर्शिर्वाद कन्सल्टेन्सी एण्ड इन्जिनियरिङ्गले Detail Project Report (DPR) तयार गरी रु.२८२५०० खर्च लेखेको तर DPR भन्दा फरक परिमाणहरु लागत अनुमानमा देखाएकोले यथार्थ परिमाणको लागत अनुमान तयार भएको र मूल्यांकन भएको नदेखिएकोले सम्बन्धितबाट DPR खर्च लेखेको प्रमाण पेश हुनुपर्ने रु</td><td>२८२,५००</td></tr>
<tr><td>६४.४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।निम्नानुसारको कार्य गर्दा बढी भुक्तानी भएको असूल गर्नुपर्ने रु.
<table>
<tr><th>परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>Brick Work in Foundation</td><td>16.27 $m^3$</td><td>11000</td><td>178970</td><td>Foundation Column को उचाइ 1.78m रहेकोमा 0.50m Foundation र Tie Beam घटाई Brick work देखाउनु पर्नेमा बढी देखाएको ।</td></tr>
<tr><td>Sand Filling</td><td>74.44$m^3$</td><td>300</td><td>22332</td><td>1.57m उचाइमा दिनु पर्नेमा 1.78m उचाइमा दिएको।</td></tr>
<tr><td colspan="3">Total</td><td>201302</td><td></td></tr>
</table>
</td><td>२०१,३०२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>चेनेज<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको योजनाको निर्माण कार्य गर्दा 0+00 चेनेज कहाँ हो नखुलेको, ३०-३० मिटरमा नापी गर्नुपर्नेमा नगरेको एकमुष्ट ८०० मिटरसम्म नापी गरेको, ड्रइङ्ग डिजाइन लागत अनुमान तयार गर्दा र नापी गर्दा समावेश नगरेको, गुणस्तर परीक्षण नगरेको, Sub grade, Sub base, Base Course, Prime Coat, Tack coat, Prime carpet, Sand Seal जस्ता परिमाण विस्तृत ननापेकोले निर्माण कार्यको यथार्थ नापी भएको पाइएन । जसले गर्दा यथार्थ रकम भुक्तानी भएको मान्न सकिएन । केही उदाहरण
<table>
<tr><th>योजनाको नाम</th><th>कार्यको विवरण</th></tr>
<tr><td>गाउँपालिकादेखि २ नं वडा कार्यालय जाने सडक कालोपत्रे</td><td>सडक पिच गर्ने</td></tr>
<tr><td>वजरंगवली मन्दिर ठेकीटोल देखि साविक ९ सम्म जाने सडक</td><td>ह्युम पाइप राख्ने</td></tr>
<tr><td>रामदेव मण्डलको घरदेखि अचानोको घर हुँदै प्रगति मझारे जाने सडक</td><td>ह्युम पाइप राख्ने</td></tr>
<tr><td>महादिपकोला ७ को कालोपत्रे सडम</td><td>ह्युम पाइप राख्ने</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>भवन निर्माणको सुपरीवेक्षण<br>भवन ऐन, २०५५ को दफा १३ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा गाउँपालिका क्षेत्र भित्रका हकमा गाउँपालिकाले सुपरीवेक्षण गर्न सक्ने र उपदफा (२) मा त्यसरी सुपरीवेक्षण गर्दा गाउँपालिकाले कुनै भवन निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माणाधिन भवनको निर्माणको सुपरीवेक्षण गर्ने गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च<br>सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को संसोधन अनुसार कुनै कामका लागि कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा रकम छुट्याउनु हुँदैन सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम निर्धारण गर्नुपर्दा आवश्यकता र मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी आवश्यकताअनुसार ५ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम छुट्याउन सकिने छ । यसरी छुट्याएको कन्टिन्जेन्सी रकम को कार्यक्रम बनाई अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ सो रकममध्ये ५० प्रतिशतभन्दा बढी रकम चालू प्रकृतिको शीर्षकमा खर्च गर्न पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ । तर कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख स्पष्ट राखेको छैन । के कति चालू प्रकृतिमा खर्च भएको हो अभिलेख अद्यावधिक हुनु पर्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **डोर हाजिरी फाराम नियन्त्रण खाता**<br>कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.५११ राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| ६९ | | | **विवरण सार्वजनिक**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | |
| ७० | | | **बालमैत्री स्थानीय शासन अवलम्बन**<br>बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हीतलाई प्राथमिकता दिइ वालमैत्री प्रकृया अपनाउनु पर्ने र उपदफा (४) मा बालबालिका रहने बालबालिकालाइ सेवा प्रदान गर्ने सार्वजनिक र नीजि समाजिक संस्थाले भौतिक संरचना निर्माण गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था छ। त्यस्तै दफा ६० को उपदफा (२) मा प्रत्येक स्थानीय तहका गाउँकार्यपालिका वा नगरकार्यपालिकाको उपाध्यक्षले तोकेको त्यस्तो गाउँकार्यपालिका वा नगरकार्यपालिकको सदस्यको अध्यक्षतामा बाल अधिकार समिति रहने व्यवस्था छ । उपदफा (३) मा उपदफा (२) बमोजिमको स्थानीय बाल अधिकार समितिमा रहने संख्या र त्यस्तो समितिको काम कर्तव्य र अधिकार तथा वैठक सम्बन्धी कार्यविधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ। यस गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम बाल अधिकार समिति गठन गरेको छैन । बालवालिकाको हीत सम्बन्धमा आवश्यक काम कारबाही गर्न उक्त समिति गठन गरी क्रियाशील बनाउन आवश्यक छ। | |
| ७१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रसका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालनमा खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । वेरोजगारहरुको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ । रोजगार कार्यक्रममा आबद्ध हुनका लागि ५१९ जनाले निवेदन दिएकोमा जम्मा १४९ जनालाई रोजगारी दिएको छ । कुल ५ आयोजनाहरु संचालन भएकोमा सबै वडामा यो कार्यक्रम संचालन भएको देखिएन । संचालित कार्यक्रममा १४९ जनालाई दैनिक रु ५१७ को दरले ३३७४.५ दिन रोजगारी दिइ रु.१७४४६१६।५० खर्च गरेको पाईयो । | |
| ७२ | २१ | २०७८-३-२१ | **पुँजिगतबाट चालु प्रकृतिका खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले पुँजीगत शिर्षकबाट गणपति फ्युल सेन्टरलाई इन्धन खर्च वापत रु १३९९६९ भुक्तानी भएको छ । | १३९,९६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **शैक्षिक प्रतिवेदन**<br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । | |
| ७४ | | | **निजी लगानिका विद्यालयको छात्रवृत्ती**<br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।<br>विद्यार्थी संख्या — निशुल्क शिक्षाका लागि आरक्षण संख्या<br>५०० जना सम्म — कम्तिमा १० प्रतिशत<br>५०० जना देखि ८०० जना सम्म — कम्तिमा १२ प्रतिशत<br>८०० जना भन्दा बढी — कम्तिमा १५ प्रतिशत<br>यस गाउँपालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७५ | | | **समपुरक अनुदान** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५.१</td><td></td><td></td><td>विनियोजन ऐन, २०७७ को दफा ४ (१२) तथा (१३) मा सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई वचत भएमा त्यस्तो रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने र फिर्ता नभएमा वित्तिय समानिकरण अनुदानबाट उक्त रकम कट्टा गर्नुपर्ने उल्लेख छ । प्रदेश विनियोजन ऐनमा समेत सोही व्यहोरा रहेको छ । प्राप्त विवरण अनुसार २०७८ असार मसान्त सम्म प्रदेश समपुरक अनुदान तर्फ जुडी खोला पुल निर्माण का लागि प्राप्त रु १,००,००,००० बाट कुल रु६७,११,७१२ खर्च भएको देखिन्छ । खर्च नभई बाँकी रहेको रु ३२,८८,२८८ प्रदेश तर्फ फिर्ता गर्न बाँकी छ । तर प्रदेश समपूरक अनुदान सम्बन्धि (संसोधन) कार्यविधि, २०७५ दफा ४ अनुसार सम्बन्धित प्रदेशको तहको ७०% साझेदारी रहने उल्लेख भएकोले सो कुल खर्चको ७० प्रतिशतले हुने रकम रु.४६९८१९८ मात्र समपुरक अनुदानबाट खर्च गर्न मिल्ने देखिन्छ । यसरी अनुपात नमिलाई बढी खर्च गरेकोले समपुरक अनुदानबाट भएको रु ६७,११,७१२ खर्चमा रु. २०१३५१४ गाउँपालिकाको अनुपात नमिलाई बढी खर्च गरेकोले सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु</td><td>२,०१३,५१४</td></tr>
<tr><td>७५.२</td><td>२१४</td><td>२०७८-२-२</td><td>समपुरक अनुदानबाट अन्य शिर्षकमा खर्चः छोटकी बैरिया नाला जुडी खोला सम्म निर्माण उपभोक्ता समितिलाई योजना वापत रु ९२५१७५ भुक्तानी दिँदा जुडी खोला पुल निर्माण प्रदेश नं १ समपुरक अनुदान शिर्षकबाट भुक्तानी भएको हुँदा समपुरक अनुदानको रकम प्रदेश संचित कोषमा फिर्ता दाखिला हुनुपर्ने रु</td><td>९२५,१७५</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>आधारभूत स्वास्थ्य चौकी भवन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । आधारभूत स्वास्थ्य चौकी भवन ३/२ को निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा गतवर्ष सोही योजनामा माटो Filling को परिमाण देखाएकोमा यस वर्ष पनि लागत अनुमानमा दोहोरिएको र नापी किताबमा यस वर्ष र गत वर्षको परिमाण दोहोरो दिएकोले असूल गरी सम्बन्धितलाई जिम्म्वार बनाउनु पर्दछ रु.
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>First class Brick work (1:4)</td><td>2.54 $m^3$</td><td>12491.58</td><td>31728.61</td><td>Long Wall, Short Wall and Partition wall दोहिरिएको</td></tr>
<tr><td>One Coat Primer with two Coat emulsion Paint</td><td>53.16 $m^2$</td><td>289.4</td><td>15384.5</td><td>Toilet मा Tile लगाएकोमा पनि Paint लगाएको देखाएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>47113</td><td></td></tr>
</table></td><td>४७,११३.११</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>जहदा ७ मा कजवे निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । जहदा ७ मा कजवे (कल्भर्ट) निर्माण गर्दाको Drawing समावेश नगरेको र चेनेज नखुलाएको, सव वेसको कार्य २५० रनिङ्ग मिटरमा एकमुष्ट नापी लिएकोले परिमाण यथार्थ मान्न सकिएन । अतः निर्माण कार्य गर्दा नियम पालना गरी ड्रइङ्ग गर्ने र ३०-३० मिटरमा नापी लिनु पर्दछ । अतः उक्त कार्य पुनः नापजाँच गरी परिमाण एकीन गर्नुपर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **दुर्गा मा. वि. को पहिलो तल्ला फिनिसिङ्ग कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । दुर्गा मा. वि. को पहिलो तल्ला फिनिसिङ्ग कार्य (तला थप) को कार्य ग्वेप्ट कन्सट्रक्सन प्रा.लि.ले गरेकोमा निम्नानुसार पाइयोः | |
| ७८.१ | | | लागत अनुमान तयार गर्दा ड्रइङ्ग डिजाइन अनुसार तयार गर्नुपर्नेमा Slab Beam को कार्य Grid मा नदेखाएकोले Column मा दोहोरिको कारण पुरै Area को Slab को RCC देखाएकोमा Staircase Opening नघटाएको जस्ता कार्य देखाएकोले यथार्थ लागत अनुमान तयार गरेको पाइएन । | |
| ७८.२ | | | नापी किताब गर्दा ड्रइङ्ग डिजाइन परिवर्तन हुँदा भेरिएसन स्वीकृत गर्नुपर्नेमा Column को संख्या २४ वटा बाट १७ वटा कायम गरेको छ । Load को Analysis गरेको छैन । जसले गर्दा प्राविधिक रुपमा उपयुक्त छ छैन एकीन गर्नु पर्दछ । | |
| ७८.३ | | | **भेरिएसनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा खरिद सम्झौता बमोजिमको काम शुरु गरेपछि पुर्वानुमान नगरिएको परिस्थितिमा तोकिएको अधिकारीले भेरिएसन आदेश स्वीकृत गर्न सक्ने र सोको विवरण मलेप फारम नं ५०८ मा अनुसार गर्नुपर्ने व्यवस्था बमोजिम भेरिएसन स्वीकृत गर्नुपर्नेमा ठेक्का रकम रु. १८०८१४९१।३८ रहेकोमा रु. १५२१४७३।३० को मात्र कार्य गरेको पाइयो । ठेक्का रकम भन्दा १९.१३ प्रतिशत कमको कार्य गरेको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गरेको र भेरिएसन स्वीकृत नगरेकोले अनियनिमत देखिएको रु. | ३६०,००८ |
| ७९ | | | **गणेश आधारभूत विद्यालय**<br>गणेश अधारभूत विद्यालय जहदा १ को गत वर्षको 126.85 Running meter मा बाटोको कार्य गरेको र यस वर्ष 96.5 Running Meter मा कार्य गरेकोले दोहोरोपर्न सक्ने भएकोले परिमाण एकिन गर्नुपर्ने देखिन्छ । | |
| ८० | | | **गाउँपालिका भवन घेराबारा तथा अस्पताल जाने सडक निर्माण**<br>गाउँपालिका भवन घेराबारा तथा अस्पताल जाने सडक निर्माण गाउँपालिका भवन घेराबारा तथा अस्पताल जाने सडक निर्माण उपभोक्ता समितिबाट कार्य गर्दा २७ वटा रुख कटान गरी रु. ६३१८ भुक्तानी गरेको छ । १२ देखि ३० cum गोलाईको रुख कटान गरेकोमा स्थानीय सरकारको कटान पुर्जा बेगर कटान गरेको र सो रुखको आम्दानी समेत नदेखाएकोले उक्त काठको आम्दानी देखाई आय गर्नुपर्ने रु | ६,३१८ |
| ८१ | | | **खररा कल्भर्ट निर्माणको कार्य र सिंगिया खोलाको बाँध निर्माण**<br>खररा कल्भर्ट निर्माणको कार्य र सिंगिया खोलाको बाँध निर्माण कार्य गत वर्ष र यस वर्ष गरी दुबै वर्ष कार्य उपभोक्ता समितिले गरेको देखाएकोमा विगतमा के कति काम भयो गत वर्षको नापी किताब पेश नभएकोले भिडान गर्न सकिएन । अतः एउटै योजनाको एउटै मात्र नापी किताब राख्नु पर्दछ । साथै Chainage and Specific Area समेत नखुलेकोले दोहोरो पर्न सक्ने देखिन्छ । साथै बाँध निर्माणमा लागत अनुमानमा Spur मा १६ वटा 3*1*1 को ग्याविन जाली राखेकोमा नापी गर्दा २८ वटा देखाएकोमा प्राविधिक कारण खुलाएको छैन । ग्याविन कार्यको ड्रइङ्ग समेत नभएकोले परिमाण एकीन गरी आम्दानी बाँध्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८२ | | | **आधारभूत स्वास्थ्य केन्द्र भवन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।आधारभूत स्वास्थ्य केन्द्र भवन ७ नं वडाको Brick masonry कार्यमा footing Column को उचाई 1.21m मा plinth Beam र Foundation Beam को Height घटाउँदा 0.61m उचाइ दिनुपर्नेमा 1.59m उचाइ देखाएकोले 0.98m उचाइले 6.95m3 परिमाण देखिएकोले रु. १२५००।५३ का दरले हुने रकम रु. ८६८८१।४६ को बढी लागत अनुमान तयार गरेको छ । साथै नापी किताबमा Earthwork excavation को कार्य 56.56m3 Site मा रहेकोमा बाहिरबाट Earth Import गरि भुक्तानी गरेको छ । Earthwork excavation को दुई तिहाई माटो Back Filling गर्दा 37.72 m3 को रु.८६२.४२ का दरले हुने रकम बढी भुक्तानी भएकोले असूल गर्नुपर्ने रु. | ३२,५३०.१ |
| ८३ | | | **वजरंगवली मन्दिर ठेकीटोल देखि साविक ९ सम्म जाने सडक**<br>वजरंगवली मन्दिर ठेकीटोल देखि साविक ९ सम्म जाने सडकको ठेक्का रकम रु. ४२३६८४०।१२ रहेको र ठेक्का अवधि २०७६।१०।३ देखि २०७७।३।१५ सम्म रहेकोमा ६ महिना म्याद थप भएकोमा ठेक्काको अवधि २०७७।९।१५ सम्म रहेकोमा २०७७।१२।१७ मा मात्र नापी भएकोले १०२ दिन ढिला कार्य गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२१(क) निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोमा सम्झौता रकमको १० प्रतिशतले नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको 0.05 प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था बमोजिम नुरानी कन्स्ट्रक्सनबाट ठेक्का रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने रकम हर्जना असूल गर्नुपर्ने रु. | १९१,२१९.४ |
| ८४ | | | **रामदेव मण्डलको घरदेखि अचानोको घर हुँदै पुरानो मझारे जाने सडक**<br>रामदेव मण्डलको घरदेखि अचानोको घर हुँदै पुरानो मझारे जाने सडकको निर्माण कार्य रु. ३४२८९०७ मा कार्य नुरानी कन्स्ट्रक्सनले गरेकोमा ठेक्का अवधि म्याद थप समेत २०७७।९।१५ सम्म रहेकोमा २०७७।११।२९ मा मात्र नापी भएको पाइएकोले ७२ दिन ढिला भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२१(क) निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोमा सम्झौता रकमको १० प्रतिशतले नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था बमोजिम ठेक्का रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने रकम असूल गर्नुपर्ने रु. | १२३,४४०.६५ |
| ८५ | | | **सन्थाल संग्राहलय**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । सन्थाल संग्राहलयको निर्माण कार्य गराउँदा निम्नानुसार पाइयोः | |
| ८५.१ | | | Foundation Beam भन्दा तल 54.86m3 Brick masonry कार्य गराई रु. ६८५१६३ रकम भुक्तानी गरेको छ । उपरोक्त कार्य गराउनु पर्नाको प्राविधिक पुष्टाई गर्नुपर्ने रु. | ६८५,१६३ |
| ८५.२ | | | Tie Beam भन्दा मुनिको Brick Masonry को कार्य नै नगराई Floor Earthwork Filling 512.88m2 को कार्य गराएकोले प्राविधिक रुपमा कार्य गरेको पुष्टाई नभएकोले कार्यको परिमाण र खर्च एकिन गर्नुपर्ने रु. | ४४४,४५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५.३</td><td></td><td></td><td>Earthwork excavation को परिमाण Site मा नै रहेको अवस्थामा बाहिरबाट Import गरको परिमाण देखाई खर्च लेखेको पाइयो । अतः Back Filling को परिमाण देखाउनु पर्ने १०२.०२४ घनमिटरको रु.२९२।५० को दरले हुने रकम असूल गर्नुपर्ने रु.</td><td>२९,८४२.०२</td></tr>
<tr><td>८६</td><td></td><td></td><td>महादेवकोल जहदा ७ मा सडक कालोपत्रे<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । महादेवकोल जहदा ७ मा सडक कालोपत्रे गर्ने कार्य रु.२०८३२७९७।०१ मा सम्झौता गरी कार्य गराएकोमा निम्नानुसार पाइयोः</td><td></td></tr>
<tr><td>८६.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।लागत अनुमान र नापी किताब तयार गर्दा विस्तृत नापजाँच र परिमाण नदेखाएको, चेनेज नखुलाएको, ह्युमपाइप कल्भर्टको ड्रइङ्ग पेश नभएकोले परिमाण यथार्थ रहेको छ भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>८६.२</td><td></td><td></td><td>Bid को तुलनात्मक चार्ट पेश गरेको छैन ।</td><td></td></tr>
<tr><td>८६.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।ग्याविनको जाली राख्दा माटो खन्ने काम निम्नानुसार बढी परिमाण देखाई बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>देखाउनु पर्ने परिमाण</th><th>देखाएको परिमाण</th><th>फरक</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>16*1*0.5=8</td><td>16*3*0.5=24</td><td>16</td><td></td><td></td></tr>
<tr><td>40*1*2= 80</td><td>40*3*2=240</td><td>160</td><td></td><td></td></tr>
<tr><td>37*1*0.5=18.75</td><td>37*3*0.5=55.5</td><td>36.75</td><td></td><td></td></tr>
<tr><td>18*1*0.5=9</td><td>18*3*0.5=27</td><td>18</td><td></td><td></td></tr>
<tr><td>7*1*0.5=35</td><td>7*3*0.5=10.5</td><td>24.5</td><td></td><td></td></tr>
<tr><td>19*1*0.5=9.5</td><td>19*3*0.5=28.5</td><td>19</td><td></td><td></td></tr>
<tr><td>Total</td><td></td><td>274.25</td><td>100</td><td>27425</td></tr>
</table></td><td>२७,४२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८६.४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।Drain को कार्य गर्दा एक Side मा मात्र Wall रहेको अवस्थामा पनि निम्नानुसार ६४.७० रनिङ्ग मिटरमा अर्को Side सम्मको कार्य गर्नु औचित्यपूर्ण देखिएन । सो कार्यको प्राविधिक पुष्टाई गर्नुपर्दछ । अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Earthwork excavation</td><td>18.63</td><td>100</td><td>1863</td></tr>
<tr><td>Brick Soling</td><td>85.4</td><td>700</td><td>59780</td></tr>
<tr><td>PCC (1:3:6)</td><td>12.64</td><td>8000</td><td>101120</td></tr>
<tr><td>Form Work</td><td>26.352</td><td>500</td><td>13176</td></tr>
<tr><td>Total</td><td></td><td></td><td>175939</td></tr>
</table></td><td>१७५,९३९</td></tr>
<tr><td>८६.५</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।Imported Material (Earthwork) Filling गर्दा 15/15 cm मा Roller ले compaction गर्नुपर्नेमा एकमुष्ट 995.83m3 थुपारेको र Compaction नगरेकोले 248.6m3 घटाइ 746.86 m3 को भुक्तानी भएको पाइएकोले यस प्रकारको कार्य गर्नु उपयुक्त देखिएन । जसले गर्दा कार्यको गुणस्तरमा समेत असर पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। गाउँपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि पेश गरेकोमा रु. ८९३५४१ /- सम्परीक्षण गरी जानकारी दिईएको छ । कार्यालयले यस वर्ष सम्परीक्षणका लागि पेश गरेको मध्ये डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ ।
<table>
<tr><th>क्र.सं.</th><th>आ.व.</th><th></th><th>बेरुजु विवरण</th><th>सम्परीक्षणको व्यहोरा</th><th>फछ्र्यौट रकम</th></tr>
<tr><td>1.</td><td>०७४।७५</td><td>४९</td><td>उपभोक्ता समिति र अनुगमन निरीक्षण वापत भएको भुक्तानीमा अनुगमन प्रतिवेदन नराखेको</td><td>अनुगमन प्रतिवेदन, भरपाई बैठक माइन्युट लगायत कागजात पेश भई फछ्र्यौट</td><td>८१२००</td></tr>
<tr><td rowspan="4">2.</td><td rowspan="4">०७५।७६</td><td rowspan="4">२१</td><td rowspan="4">प्रशिक्षक, सहजकर्ता, सहभागी, प्रतिवेदक भत्ता बढी बुझेको</td><td>देहायको बेरुजु असूल भई फछ्र्यौट भएको</td><td rowspan="4">११०००</td></tr>
<tr><td>राजकुमार दास रु ९३००</td></tr>
<tr><td>जयकला विश्वास रु१०२०</td></tr>
<tr><td>रोशन कुमार शाह रु६८०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ०७५।७६ | २२ | कर्मचारीले अनुगमन बापतको दैनिक भ्रमण भत्ता बढी भुक्तानी | **देहायको बेरुजु असूल भई फच्र्यौट भएको** | ४०००० |
| | | | | रोहिनी आचार्य रु१४४०० | |
| | | | | राज कुमार दास रु६००० | |
| | | | | रिपुमर्दन डोटेल रु५४०० | |
| | | | | विजेन्द्र यादव रु६३०० | |
| | | | | डिल्ली पोख्रेल रु६०० | |
| | | | | राजेन्द्र पराजुली रु२४०० | |
| | | | | बिमल दाहाल रु४९०० | |
| ४ | ०७५।७६ | ३० | बैठक भत्ता बापत बढी भुक्तानी | **देहायको बेरुजु असूल भई फच्र्यौट भएको** | ४१२७५ |
| | | | | रोहिनी आचार्य रु९४०० | |
| | | | | सुरेश कुमार ढुंगेल रु९३५० | |
| | | | | बिमल प्र दाहाल रु१९५५० | |
| | | | | डिल्ली पोखरेल रु२९७५ | |
| ५ | ०७५।७६ | ३१ | नर्म भन्दा बढी भुक्तानी | **देहायको बेरुजु असूल भई फच्र्यौट भएको** | १८१०५ |
| | | | | रोहिनी आचार्य रु५९५ | |
| | | | | रोशन कुमार शाह रु१७०० | |
| | | | | जयकला विश्वास रु ३९१० | |
| | | | | सुरेश कु ढुंगेल रु२३८० | |
| | | | | चादनी शाह रु ३४० | |
| | | | | विन्जु पराजुली रु१३६० | |
| | | | | डिल्ली पोखरेल रु२०४० | |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रुपनारायण यादव रु३४० | | | |
| | | | | | | | | राजेन्द्र पराजुली रु४२५० | | | |
| | | | | | | | | रोहित पौडेल रु ११९० | | | |
| | | | | ६ | ०७५।७६ | ३३ | कर्मचारीलाई अनुगमन/यातायात खर्च बढी भुक्तानी | **देहायको बेरुजु असूल भई फछ्र्यौट भएको** | १९६०० | | |
| | | | | | | | | राजेन्द्र पराजुली रु६६०० | | | |
| | | | | | | | | सुरेश ढुंगेल रु२२०० | | | |
| | | | | | | | | रोहिणी आचार्य रु१००० | | | |
| | | | | | | | | रमा कटुवाल रु१८०० | | | |
| | | | | | | | | लक्ष्मी प्र मण्डल रु१६०० | | | |
| | | | | | | | | जागेश्वर मुखिया रु१६०० | | | |
| | | | | | | | | नविन प्र मण्डल रु१६०० | | | |
| | | | | | | | | कैलाश प्र मण्डल रु३२०० | | | |
| | | | | ७ | ०७५।७६ | ३४ | **गाउँपालिकाका पदाधिकारीहरुलाई दोहोरो सुबिधा** | **देहायको बेरुजु असूल भई फछ्र्यौट भएको** | ३४५५०० | | |
| | | | | | | | शालो साह | ११००० | | | |
| | | | | | | | शुशिल सिंह | ११००० | | | |
| | | | | | | | विन्तीदेवी यादव | ४५०० | | | |
| | | | | | | | अनिल कुमार ठाकुर | २३००० | | | |
| | | | | | | | गंगा देवी मलाह | २३००० | | | |
| | | | | | | | सुखित लाल राजवंशी | २३००० | | | |
| | | | | | | | मंजुलादेवी सदा | २३००० | | | |
| | | | | | | | जगदिश सिंह | ४२५०० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रमोद कुमार मण्डल | १३५०० | | | |
| | | | | | | | लक्ष्मण सिंह नुनिया | १५००० | | | |
| | | | | | | | लिला देवी मोची | ३०५०० | | | |
| | | | | | | | मुस्कान कुमारी कामत | १३५०० | | | |
| | | | | | | | शिव नारायण मण्डल | २०००० | | | |
| | | | | | | | वैनिया देवी मण्डल | १८००० | | | |
| | | | | | | | मृतृजा अन्सारी | १८००० | | | |
| | | | | | | | महेन्द्र करदार | १८००० | | | |
| | | | | | | | उर्मिला देवी ऋषिदेव | १८००० | | | |
| | | | | | | | जयनरद गिरी | ८००० | | | |
| | | | | | | | सोतिलाल मुखिया | ८००० | | | |
| | | | | | | | ताराचन्द मण्डल | ४००० | | | |
| | | | | ८ | ०७५।७६ | ४१ | **जनप्रतिनिधि/कर्मचारीले यातायात खर्च लिएको** | **बेरुजु असूल भई फछ्र्यौट भएको** | ११७३५० | | |
| | | | | | | | कैलाश प्रसाद मण्डल, गा.पा. अध्यक्ष | २२५०० | | | |
| | | | | | | | सालो शाह, गा.पा उपाध्यक्ष | १९००० | | | |
| | | | | | | | रोहिनी आचार्य, प्र.प्र.अ. | २३००० | | | |
| | | | | | | | राजेश कुमार श्रेष्ठ, वडाध्यक्ष | १००० | | | |
| | | | | | | | बिमल दाहाल, लेखापाल | १३००० | | | |
| | | | | | | | जयनरत गिरी, वडाध्यक्ष | ४८०० | | | |
| | | | | | | | भगवान लाल बेश्रा, सा.वि.स. सदस्य | ३२५० | | | |
| | | | | | | | विनिता सिंह, का.पा. सदस्य | ७२०० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सन्तोष शाह | २२०० | | | |
| | | | | | | | सुरेश ढुंगेल, ना.सु | ७१०० | | | |
| | | | | | | | रोशन कुमार शाह, आइटी अधिकृत | ३००० | | | |
| | | | | | | | जुगेश्वर मलाहा, कर्मचारी | ८०० | | | |
| | | | | | | | अनिल कुमार ठाकुर, वडाध्यक्ष | १५०० | | | |
| | | | | | | | डिल्ली प्रसाद पोखरेल, अधिकृत | ३००० | | | |
| | | | | | | | राजेन्द्र पराजुली, अधिकृत | ३००० | | | |
| | | | | | | | हरिओम राजवंशी | १००० | | | |
| | | | | | | | खटर सरवरिया | १००० | | | |
| | | | | | | | विकाश यादव | १००० | | | |
| | | | | | | | जम्मा | ११७३५० | | | |
| | | | | ९ | ०७५।७६ | ४४ | **अनुगमन भत्ता बढी भुक्तानी** | **बेरुजु असूल भई फछ्र्यौट भएको** | १९४३५० | | |
| | | | | | | | कैलाश प्रसाद मण्डल, गा.पा. अध्यक्ष | २०१०० | | | |
| | | | | | | | सालो शाह, गा.पा उपाध्यक्ष | ५८१०० | | | |
| | | | | | | | शुशिल शाह | ४४८५० | | | |
| | | | | | | | अनिल कुमार ठाकुर, वडाध्यक्ष | २००० | | | |
| | | | | | | | विन्ती देवी यादव | ४४००० | | | |
| | | | | | | | जगदिश सिंह | १५५० | | | |
| | | | | | | | राजेश कुमार श्रेष्ठ | २००० | | | |
| | | | | | | | भगवान लाल वेश्रा, वडाध्यक्ष | ४४०० | | | |
| | | | | | | | विनिता सिंह | ८५५० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | राजेन्द्र प्रसाद पराजुली | ८८०० | | |
| | | | | | | जम्मा | १९४३५० | | |
| | | | १० | ०७५।७६ | ४९ | **नर्म विपरित भत्ता भुक्तानी** | **बेरुजु असूल भई फछ्र्यौट भएको** | १२००० | |
| | | | | | | कैलाश प्रसाद मण्डल, गा.पा. अध्यक्ष | १००० | | |
| | | | | | | सालो शाह, गा.पा उपाध्यक्ष | १००० | | |
| | | | | | | रोहिणी आचार्य | १००० | | |
| | | | | | | रोसन साह | १००० | | |
| | | | | | | संतोष शाह | १००० | | |
| | | | | | | राम सेवक यादव | १००० | | |
| | | | | | | राज कुमार दास | १००० | | |
| | | | | | | सौरव सिहं | १००० | | |
| | | | | | | विमल दाहाल | १००० | | |
| | | | | | | अमन कुमार सिहं | १००० | | |
| | | | | | | संजि कुमार मण्डल | १००० | | |
| | | | | | | दिलिप साह | १००० | | |
| | | | | | | जम्मा | १२००० | | |
| | | | ११ | ०७५।७६ | ७० | रोशन कुमार शाहको भ्रमण भत्ता बढी भुक्तानी | बेरुजु दाखिला भई फछ्र्यौट | ३५०० | |
| | | | १२ | ०७६।७७ | ११ | वीमा नविकरण शुल्क वापत कार्यालयबाट भुक्तानी हुनुपर्ने आधाररप्रमाण पेश गर्नुपर्ने | प्रमाण पेश भई फछ्र्यौट | ९६६१ | |
| | | | जम्मा | | | | | ८९३५४१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८८</td><td></td><td></td><td>बेरुजुको अध्यावधिक विवरण<br>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।
<table>
<tr><td colspan="5">(रु. हजारमा)</td></tr>
<tr><td>गत वर्षसम्मको बाँकी बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</td><td>यो वर्ष कायम बेरुजू (C)</td><td>संपरीक्षणबाट कायम बेरुजू (D)</td><td>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</td></tr>
<tr><td>२०४५३६</td><td>८९३</td><td>४९१२५</td><td>०</td><td>२५२७६८</td></tr>
</table></td><td></td></tr>
</table>